
REFORMED & PRESBYTERIAN SEMINARY

# RESTORERS

Volume.IV, JUNE-OCT 2020

World Health Organization

| 10 321 689 | 507 435 | 216 |
|---|---|---|
| Confirmed cases | Confirmed deaths | Countries, areas or territories with cases |
| Last update: 1 July 2020, 05:45 GMT+5:45 | Last update: 1 July 2020, 05:45 GMT+5:45 | Last update: 1 July 2020, |



# An Urgent Call for Theological Education in Nepal

# नेपालमा ईश्वरशास्त्रीय शिक्षाको अत्यावश्यकता

# REFORMED & PRESBYTERIAN SEMINARY

## VISION

We see Nepali Communities flourishing in the fruits of the Gospel through the labor of disciples who are yoked to Christ.

## MISSION

To provide Christ-centered training to equip godly leaders for Christ's church among Nepali people, who are authentic in Christian character, competent in theological knowledge and equipped for ministry.

## VALUES

We want to glorify God through upholding these values:

**Reformed World and Life View**
**Christ-Centered Education**
**Missionary Spirit and Zeal**
**Gospel Transforming Community**
**Nurturing with Nepali Resources**
**Network of Christian Leaders**
**Covenant Spirituality**
**Servant Leadership**
**Holistic Human Development**
**Training for Vocational Ministry**

## ADMISSION REQUIREMENTS

To ensure excellent theological education. All applicants must fulfill all the requirements and qualifications in order to get admission at Reformed & Presbyterian Seminary (RPS).

General Requirements for both programs Master of Divinity (MDiv) and Bachelor of Theology (BTh) Admissions:

**Follow these steps to apply**

**Step 1:** Fill the online pre-application available in Seminary *website (www.rpsnepal.com)*.

**Step 2:** Seminary will contact with you via phone or email to submit your complete forms.

**Step 3:** Download the application form from website and fill the form completely and send it to the seminary office.
Or you can also take application from RPS office.

**Step 4:** Submit the application forms to office before July 15 (check the list of required documents when you submit application).

a. Baptism Certificate, if no certificate, an official letter from pastor.
b. Transcripts and Certificates from all previous schools/institutions.
c. Letter of Recommendations—one from Pastor, and another from academic institution.
d. An essay recently written by you (200-350 words-only for MDiv.)

*FOR MORE INFORMATION PLEASE CONTACT*

**REFORMED & PRESBYTERIAN SEMINARY**
Lalitpur Metropolitan City, Ward No. 25
Phulbari Chowk, Bhaisepati
**Phone:** 977-1-5592987 | **Fax:** 977-1-559298
**Postal:** GPO 8975, EPC 1923 Kathmandu, Nepal
**Email:** rpseminary@gmail.com
**Web:** www.rpsnepal.com

# An Urgent Call for Theological Education in Nepal



**Rev. Arbin Pokharel**
President

Theological education is urgently needed in Nepal. In a country, where there's a massive need for basic education, theological education is a distant cry. Watching church history unfold in front of our eyes, it is clear, that God is active in making himself real; thousands of people are turning to him every year. While churches grow far and wide, leaders for the churches have not been proportionately raised. While God is invisible, and anyone standing up to preach the gospel explaining the Bible, and start a church can claim to be a pastor. Question is, how does one qualify to become a pastor? What should be different in standards and criteria for one to become a Christian leader?

Amid of crisis, due to the global pandemic of COVID-19- many pastors and leaders are making extraordinary and prophetic claims about what God is doing and why the plague has come upon us. Churches are struggling to make sense of the new realities of not meeting together to worship and fellowship. In such a time, one needs to know how to interpret the Bible, as well as global and local situations. The heart of the Bible is the covenant of God, who has a mission in the world, and the church is his primary agency- like an embassy speaking on his behalf to the world.

NT Wright in his book, God and the Pandemic claims that our duty as Christians in times such as this is to lament with the sick, dying, and grieving. And from lament, prepare for fresh actions. He says, "the call to Jesus' followers is to be sign-producers for God's kingdom…actions, symbols, not just words, which speak of new creation: of healing for the sick, of food for the hungry" (Wright 2020, 64). This is the duty of genuine Body of Christ, here and now, until Jesus comes back to set everything straight.

This issue of Restorers addresses such particular needs of the Nepali Church- why theological education is urgently needed for pastors and Christian leaders to engage society in the crisis and the context of change. They have a calling as a prophet to understand God and his desire for the world rightly, and then engage the world without self-serving intentions. They must declare "God is sovereign" and "Christ is Lord," over every circumstance, and help people make sense of the world God created; how it is fallen, and how Christ is redeeming it, and bring the hope of the resurrection into their present context. It is not to simply look for opportunities for self-advertisement and personal gain.

The vision of Restorers magazine is to inform and equip pastoral leaders of Nepali Churches with the theological framework that understands God as he has revealed himself through Scripture and understand the world and its cultures to speak into the hearts and minds of those who believe in Jesus Christ by the means of a local church. My prayer is that pastors of Nepali churches as leaders of invest in a life learning theology, and genuinely engage the church as the Body of Christ.



# सम्पादकीय



मणी कोराइला
सम्पादक

कोरोनाको कहर चलि नै रहेको छ । कहिले अन्त्य हुने हो छाँटकाँट छैन । हामी यसको पार कहिले लाग्ला र आनन्दको सास फेरौंला भनेर प्रतिक्षा गरिरहेका छौं । तर Covid-19 को अन्त्य पछिको विश्व अवस्थालाई वरिष्ठ प्राध्यापक, लेखक तथा बर्नाबास फण्डका संस्थापक डा. प्याट्रिक सुखदेव यसरी चित्रिण गर्नुहुन्छः निरङ्कुश शासक, उग्रराष्ट्रवाद र धार्मिक अतिवादी समूहहरूको उदय हुने छ भने सामाजिक द्वन्द्व विदेशीहरूलाई घृणा गर्ने वा पूर्वाग्रही नजरले हेर्ने दृष्टिकोणमा पनि वृद्धि (Xenophobia) हुने छ । विश्व आर्थिक मन्दीको चपेटामा पर्ने छ भने मानसिक स्वास्थ्यका समस्याहरू अधिक रुपमा वृद्धि हुने छन् । यसका साथै ख्रीष्टियनहरू षड्यन्त्रका शिकारहरू पनि बन्न सक्ने छन् । यी चुनौतिहरूका बाबजुद ईश्वरशास्त्रीय शिक्षाको अत्यावश्यकता सधैं रहिरहने भएकाले नयाँ प्रविधिका पद्धतीका साथ अग्रगामी योजनाहरू बनाउनुपर्ने कुरामा पनि उहाँले जोड दिनुभयो (GILD Video Conference, June 12, 2020) ।

तर माथिका कुराहरू त Covid-19 को समाप्ति पछिका भए । खानलाउनलाई नै हम्मे-हम्मे परिरहेको अहिलेको अवस्थामा ईश्वरशास्त्रीय शिक्षाको आवश्यकता छ र ? हामीले पढ्ने, लेख्ने, अनुसन्धान गर्ने कि भोकालाई खुवाउने, रोगीलाई चङ्गाइ गर्ने कि विलाप गर्नेहरूसँग विलाप गर्ने ? यस्ता प्रश्नहरू हाम्रा मनमा प्रशस्तै उठेका छन् र उठ्नु पनि स्वाभाविक हो । तर हामीले याद गर्नुपर्ने मुख्य कुराचाहिँ के हो भने यो महामारी हाम्रो निम्ति नौलो हो । पुरानो र नयाँ नियमका धेरैजसो लेखकहरू तत्कालिक सङ्कष्टकालीन अवस्थाहरू (राजनैतिक, महामारी, इत्यादि) बाट गुज्रिएका थिए । अझै विश्व इतिहासलाई हेर्‍यौं भने यस्ता महामारीहरू कति आए, कति गए । हाम्रा मण्डलीका अग्रजहरूले सतावट पाएकाहरूलाई सान्त्वना दिने, प्रार्थना गर्ने, समाजसेवा गर्ने– सबै कार्य परमेश्वरको अनुग्रहमा गरें । तर "सङ्कष्टहरूको भूमरिका बीचमा पनि तत्कालिक ईश्वरशास्त्रका विद्यार्थी र अध्येताहरूले पठन-पाठन, लेखाइ र सिकाइलाई जारि नै राखे किनकि उनीहरूले बुझेका थिए कि यो एउटा महामारी नै सबै होइन (Dr. David May, Theological Studies in the Time of Pandemic, 1) ।

इतिहासका यी अवस्थाहरूलाई हेर्दा तत्कालिक परमेश्वरका जनहरूले विशेषगरी विपत्तिहरूका समयमा संसारलाई परमेश्वर,समुदाय र आफैँसँग कसरी

सम्बन्धित गर्ने भनेर मानसिक, तार्किक र शारीरिक सङ्घर्ष गरेका थिए । धर्मशास्त्र अध्ययन र प्रार्थना सहितको इमान्दार सङ्घर्षको परिणाम स्वरुप संसार, शरीर, समुदाय र परमेश्वर बारेका यथार्थताहरूको परिभाषा दिन सक्षम हुन थाले– जसले गर्दा उनीहरूको जीवन भद्रगोल हुनको सट्टा रुपान्तरित र नयाँ भयो । यी कुराहरूको साक्षी इतिहास छ । यो विषम परिस्थितिमा आज हामीलाई पनि इतिहास रच्ने अवसर आएको छ । पापमा पतन भएको संसार र श्रापित भूमिबाट बनिएका हामीहरूमा यस्ता विपत्तिहरू आउनु स्वाभाविक हो । हाम्रो उद्धारको पूर्णता र सृष्टिको स्वतन्त्राको लागि ख्रीष्टको दोस्रो आगमनको धैर्यतासाथ प्रतिक्षा गर्नुपर्दछ (हेर्नुहोस् उत ३:१७, रोमी ८:१८-३०) । यसर्थ हामीले यस्तो अवस्थामा भावनामा बगेर परमेश्वरको र परिस्थितिको बारेमा धारणाहरू सार्वजनिक गर्नुहुँदैन । तर सठिक र व्यवस्थित प्रकारले बाइबलका वचन मनन् गर्नुपर्दछ । थियोलोजी अध्ययन गर्नुपर्दछ ।

‘नेपालमा ईश्वरशास्त्रीय शिक्षाको अत्यावश्यकता’ मुख्य विषयवस्तु राखेर हाम्रो पत्रिका Restorers को चौथो अङ्क तपाईहरू समक्ष आइपुगेको छ । ईश्वरशास्त्रीय शिक्षाको आवश्यकता, नेपालमा भएको यसको विकास र RPS ले यस क्षेत्रमा पुऱ्याएका योगदानहरूका बारेमा सङ्क्षिप्त विश्लेषण यस अङ्कमा गरिएको छ । महामारी वा विपत्तिहरूका अवस्थामा परमेश्वरको गुण सार्वभौमिकता (सबै कुरामा परमेश्वरको नियन्त्रण छ) का बारेमा बुझ्नैपर्ने तथ्यहरू र प्रकोप तथा विपद् व्यवस्थापनमा मण्डलीले खेल्न सक्ने भूमिकाहरूका बारेमा यहाँ प्रकाश पारिएको छ । ईश्वरशास्त्रीय शिक्षण पद्धतिमा शिक्षकको भूमिका र नेपाली मण्डलीमा मण्डलीशास्त्रको सठिक अध्ययनको अत्यावश्यकताका बारेमा पनि सम्बोधन गर्ने सुन्दर कोशिसहरू हाम्रा RPS का शिक्षक-शिक्षिकाहरूले गर्नुभएको छ । हामी आशा गर्दछौं कि यो अङ्कमा समाहित लेखहरूले पक्कै पनि तपाईहरूको आत्मिक समुन्नतिमा सहायता पुऱ्याउने छ ।

अन्त्यमा वर्तमान परिस्थिति प्रतिकूल भएको कारण यो अङ्क Digital Format मा प्रकाशित गरेका छौं । सुझाव र टिप्पणीहरूका लागि हामीलाई सम्पर्क गर्नु होला ।

# Editorial Committee

**Editorial:** Rev. Mani Koirala
**Chairman Desk:** Rev. Arbin Pokharel
**Principal Desk:** Rev. Birendra Shrestha
**Assistant:** Ps. Rameshwar Yadav

**Advisor:**
Rev. Arbin Pokharel
Rev. Jayraj Gurung
Rev. Amit Karthak

# Content

Word from the Chairman ........................... 3
सम्पादकीय ........................................................ 4
ईश्वरशास्त्रीय शिक्षाको आवश्यकता.......................... 7
नेपालमा ईश्वरशास्त्रीय शिक्षाः
सङ्क्षिप्त सर्वेक्षण, समस्या र प्रयासहरू.................. 10
परमेश्वरको सार्वभौमिकता र कोरोना भाईरसः
एक सन्तुलित ईश्वरशास्त्रीय प्रतिक्रिया..................... 14
प्रकोप तथा विपद् व्यवस्थापन र स्थानिय मण्डली ...... 18
Faculty: The Hidden Curriculum
of Theological Institution .......................... 22
आर.पि.यस. (RPS) को योगदान.......................... 25
ईश्वरीयशास्त्रीय शिक्षाको विकासमा
आर. पि. एस. को योगदान................................. 27
नेपाली मण्डलीहरूमा अगुवापन र
मण्डलीशास्त्रको खाँचो ........................................ 30
अगुवापन निमार्ण र विकासमा
ईश्वरशास्त्रीय शिक्षाको भूमिका............................. 35
ईश्वरशास्त्रीय शिक्षा र वचन प्रचार ....................... 38
Milestones of Reformed &
Presbyterian Seminary (RPS).................... 40

# ईश्वरशास्त्रीय शिक्षाको आवश्यकता

# Importance of Theological Education



सन्तोष कुमाल

आज नेपालमा मण्डलीको वृद्धि र विस्तार भएसँगै ईश्वरशास्त्रीय शिक्षालाई मण्डलीको आवश्यक्ताको रुपमा महसुस गरिएको छ। मण्डलीमा आएकाहरूलाई बाइबलबाट असल शिक्षा दिने उद्देश्यले दिन प्रतिदिन बाइबल स्कूल (कलेज) स्थापना हुनुको साथै, अध्ययन गर्नेहरूको सङ्ख्यामा पनि वृद्धि हुँदै गएको पाइन्छ । तर कतिका मनमा यी प्रश्नहरू उठ्न सक्छन्: के बाइबल कलेजमा अध्ययन (तालिम) प्राप्त गरेकाले मात्र सेवकाई गर्न सक्छन् ? के बाइबल कलेज वा तालिमबाट मात्र असल सेवक निर्माण हुन्छन् ? के बिनातालिम सेवकाई गर्न वा सेवक हुन सक्दैनन् ? आज के नेपालका मण्डलीहरूमा सबै सेवकहरू बाइबल कलेज वा तालिम प्राप्त गरेर मात्र सेवा गरिरहेका छन् ? कुनै तालिम वा अध्ययनबिना पनि गाउँमा राम्रोसँग सेवा गर्ने सेवकहरू छैनन् र ? येशूका कुन चेलाले बाइबल कलेज पढेका थिए ?  भनेर प्रश्न गर्नेहरूको ठूलो जमात पनि हाम्रो समाजमा कम छैन ।

यदी कुनै मण्डलीले यस्तो मानसिकता लिएर ईश्वरशास्त्रीय शिक्षालाई ओझेलमा पार्दै अघि बढ्ने प्रयत्न गर्छन भने भोलिका निम्ति सर्वमान्य हुने छैन । किनकि मण्डलीले ठूलो मूल्य चुकाउनुपर्ने छ। मण्डली आत्मिकी दुर्घटनामा पर्ने छ। कमजोर हुने छ । एक सृजनशील, बौद्धिक, उर्जाले भरिएको, सेवा गर्ने जोस भएको यूवा पुस्ता गुम्राहमा पर्ने खतरा छ भने त्यसको लेखा मण्डलीले दिनुपर्ने हुन्छ । तर यहाँ एउटा गम्भीर प्रश्न छ: नेपालका बाइबल कलेज वा तालिम केन्द्रहरूबाट दीक्षित विद्यार्थीहरू कहाँ छन् र के गर्दैछन् ?

रामप्रसाद श्रेष्ठद्धारा लिखित पुस्तक “नेपालमा इसाई मिसन विकाशको विश्लेषण” मा एक ग्रामीण पास्टरको दु:खेसो यसरी पोखेका पाईन्छ, “जवान भाइबहिनीहरूलाई सहरमा बाइबल तालिम वा कलेजमा पढ्न पठाएर के गर्नु ? बाइबल कलेज वा तालिम प्राप्त गरिसकेपछि उनीहरू उतैतिर भासिन्छन् र त्यताबाट विदेश जानको लागि अवसरको खोजी गर्दछन् वा सङ्घ-संस्थाहरूको पछि लागेर मण्डलीतिर फर्कन चाहना नै गर्दैनन् ।” यो विचारमा पास्टरहरूको एक मत छ भनी लेखकले स्पष्ट पारेका छन् ।

यस्तो हो भने यो चुनौतिको विषय हो । यस विषयमा गम्भीर भएर आत्मसमिक्षा गर्नु नै पर्छ । व्यक्ति, मण्डली वा बाइबल कलेज को, कहाँ, किन, र कसरी चुक्यो ? बाइबल कलेज तथा बाइबल तामिल दिने सङ्घ-संस्थाहरू बेरोजगारी उत्पादन गर्ने थलो होइनन् बरू एक जीवित परमेश्वरको राज्यको निम्ति समर्पित सेवकहरू निर्माण गर्ने, परमेश्वरको वचनमा सु-सज्जित तुल्याइ, उहाँको स्वरुपमा बदल्ने साँचोहरू हुन् । झूटा शिक्षाहरूले नेपालका मण्डलीहरूलाई ठूलो चुनौति दिइहेको अवस्था छ । यस्तो प्रतिकूल परिस्थितिको सामना गर्न ठीक प्रकारले बाइबलबाट शिक्षा दिन सक्ने अगुवाहरूको खाँचो टड्कारो छ, जसको लागि ईश्वरशास्त्रीय शिक्षा अपरिहार्य हुन्छ । दिन प्रतिदिन

शिक्षित व्यक्तिहरू मण्डलीमा प्रवेश गरिरहेका छन् र तिनीहरूलाई ठीक प्रकारले जवाफ दिन तथा बाइबलबाट शिक्षा दिन, तिनीहरूको आत्मिकी आवश्यकता पूरा गर्न ईश्वरशास्त्रीय शिक्षा झनै आवश्यक ठानिएको छ। तसर्थ ईश्वरशस्त्रीय शिक्षाप्रतिको धारणा अझ स्पष्ट होस भनि विभिन्न कालखण्डमा भएको शैक्षिक अभ्यास र नेपाली मण्डलीको परिवेशलाई समेत यस लेखले प्रष्ट पार्ने प्रयास गरेको छ।

**(क) बाइबल धर्मशास्त्र :-** *येशुले भन्नुभयो '...जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ ... आज्ञापालन गर्न सिकाओ'* (मत्ति २८:१९-२०) । यस भनाइमा ईश्वरशास्त्रीय शैक्षिक संस्था (बाइबल कलेज) स्थापना गर् भनेर भनिएको छैन तर आशय भने लुकेको छ। येशूले आफ्ना चेलाहरूलाई आफूसँग तीन वर्षभन्दा बढि समयसम्म सँगसँगै हिँडाउनुभयो, बसाउनुभयो, खुवाउनुभयो, र आफ्नो जीवन, वचन, र कर्मबाट सिकाउनुभयो जुन ईश्वरशास्त्रीय शैक्षिक संस्थाले दिने तामिल भन्दा फरक थिएन । फरक थियो त केवल आजको जस्तो सभ्य र आधुनिक शैलीमा सिकाउने सुविधा सम्पन्न भवन र प्रविधीको अभाव मात्र । पावल प्रेरित भन्छन् *"सम्पूर्ण पवित्रशास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्चाउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्णरुपले सुसज्जित भई सिद्ध भएको होस्,"* २ तिमोथी ३:१६-१७। यस भनाइको सारमा "ईश्वरशास्त्रीय शिक्षा" परमेश्वरको जनको लागि लाभदायक छ भन्नु नै हो । पावल आफैं शिक्षित र तालिम प्राप्त व्यक्ति थिए। व्यवस्थाका पण्डित गमालिएलको अधीनमा रही धर्मशास्त्र अध्ययन गरेका थिए। पावल आफू धार्मिक शिक्षाको तालिम ठीक प्रकारले प्राप्त गरेकोमा गर्व गर्दछन् र भन्छन् *"...गमालिएलका चरणमा हुर्किएको हुँ। हाम्रा पुर्खाका विधिअनुसार मैले ठीक-ठीक शिक्षा पाएको हुँ"* (प्रेर २२:३)। यसर्थ ईश्वरशास्त्रीय शिक्षाको अपरिहार्यता बाइबलमा स्पष्टसँग बताइएको पाउँछौ ।

**(ख) मण्डली इतिहास:** अपोस्टोलिक पिताहरूले (Apostolic Fathers) येशूका चेलाहरूद्धारा धर्मशास्त्रको शिक्षा र दर्शनमा अगाडि बढ्ने प्रेरणा पाएका थिए । सन्यासवाद, चौँथो शताब्दीतिर सुरुवात भएको ख्रीष्टियन धार्मिक अभियान थियो। यस अभियानमा स्थापना भएका मोनास्ट्रीहरू (Monasteries) ले ख्रीष्टियन अगुवाहरू निर्माण गर्ने "ईश्वरशास्त्रीय शैक्षिक" केन्द्रको रुपमा ठूलो भूमिका खेलेका पाउँछौ । हिप्पोका अगस्टिन, ग्रेगरी द ग्रेट र बासिल जस्ता विख्यात ख्रीष्टियन अगुवाहरू मोनास्ट्रीहरू कै प्रतिफल थिए । मार्टीन लुथर जो सुधारवादका संस्थापक हुन् उनले अगस्टीनिएन मोनास्ट्रीबाट धर्मशास्त्रको राम्रो ज्ञान हासिल गर्ने अवसर पाएका थिए। त्यो Monastry प्रख्यात ईश्वारशास्त्रीय स्कूल थियो । लूथरले सन् १५१२ मा थियालोजीमा विद्यावारधी (Doctor Degree) पनि हासिल गरे र ख्रीष्टियन मण्डली इतिहासको मध्यकालिन युग जसलाई अन्धकारको युग पनि भनिन्छ, त्यस युगबाट, आधुनिक युगतर्फ डोऱ्याउन सफल भए । आधुनिक मिसनका पिता विलियम केरीले सन् १८१२ मा सेराम्पुर बाइबल कलेज स्थापना गर्नुभयो र आज यसअन्तर्गत धेरै सेमिनारीहरू आवद्ध भएका छन्। यी उदाहरणहरूबाट विगतमा ईश्वरशास्त्रीय शिक्षाको आदानप्रदान जे जसरी भए पनि यसको महत्व भने आजको भन्दा कम थिएन भनि विश्वास गर्न सकिन्छ।

**नेपालको मण्डली:** नेपालको मण्डली इतिहासमा अग्रणी भूमिका निभाउने अग्रजहरूले पनि उचित ईश्वरशास्त्रीय शिक्षा लिएका थिए। उदाहरणका लागि नेइमका संस्थापक पा. रोबट कार्थकले पनि बेलायतबाट ईश्वरशास्त्रीय अध्ययन गर्नुभएको थियो। उहाँ लगायत अरु अग्रजहरू: जस्तै बेथशालोम पुतलीसडक मण्डली र पाटन कोइनोनिया मण्डलीका अग्रजहरूले पनि अध्ययन गर्नुभएको पाईन्छ । उहाँहरूको सेवकाई र जीवन शैलीहरू आज हामीहरूको लागि उदाहरणीय छन्।

अत: ईश्वरशास्त्रीय शिक्षा आजको मण्डलीको आवश्यकता हो । यसो भन्दै गर्दा बाइबल कलेज पढेका सबैले राम्रो सेवकाई गर्दछन् भन्ने होइन न त नपढेकाले गर्न सक्दैनन् भन्ने हो । यस लेखको उद्देश्य

ईश्वरशास्त्रीय शिक्षाप्रति सकारात्मक सोच बनाइ मण्डलीको सेवामा समर्पित हुन चाहनेहरूलाई उत्साह दिनु मण्डलीको कर्तव्य हो भनि सुचित गराउनु हो ।

नेपालमा सुरु भएका तालिमहरू र बाइबल कलेजहरूले अगुवा निर्माण गरी सुसमाचार र मण्डली स्थापना गर्ने कार्यमा योगदान पुऱ्याएका छन् । यसले अगुवाहरूलाई परमेश्वरको कार्यको बोझ र दर्शनको बोध गरायो । मण्डली वृद्धि र विस्तारमा सहयोग पुऱ्यायो (नेपाल ईसाई मिसन विकासको विश्लेषण, पृष्ठ ११८) । यसकारण बाइबल कलेजमा अध्ययन गरेका एकाध विद्यार्थीहरूको अपरिपक्व जीवनशैली र दर्शनरहित समर्पणतालाई हेरी सम्पूर्ण ईश्वरशास्त्रमा दीक्षित विद्यार्थीहरूलाई आक्षेप लगाउँदा सही न्याय हुने छैन । ईश्वरशास्त्रीय शिक्षा (बाइबल कलेज तथा तालिम) को योगदान नेपाली ईसाई जगतमा अतुलनीय रहेको छ र यसको महत्वको विषयमा मण्डलीमा दुईमत नभएको होस किनकि यसको विकल्प छैन । समय परिवर्तनशील छ र भोलिका दिनले यो शिक्षालाई अझ उच्च उचाईबाट हेरी मूल्याङ्कन गर्ने नै छ । आमेन् ।

# नेपालमा ईश्वरशास्त्रीय शिक्षाः सङ्क्षिप्त सर्वेक्षण, समस्या र प्रयासहरू

# Theological Education in Nepal: Challenges and Opportunities



रेभ. मणी कोराइला

## परिचय

थियोलोजीका बारेमा वरिष्ठ दर्शनशास्त्री तथा ईश्वरशास्त्री हर्मन बाभिन्कका अनुसार, ख्रीष्टियन थियोलोजी भनेको परमेश्वरले उहाँको आफ्नो मण्डलीमा प्रकट गर्नुभएको ज्ञान हो । जसद्धारा उहाँ आफैं र उहाँसँग सम्बन्धित सारा सृष्टिका बारेमा थाहा पाउन सक्छौं । हाम्रो विश्वासको एकमात्र 'नियामक' केवल धर्मशास्त्र नै थियोलोजीको जग हो भने यसको निर्माणका पदार्थहरूचाहिँ बाइबल, मण्डलीका सिकाइहरू र ईसाई अनुभवहरू हुन् (Reformed Dogmatics, I, 25, 59) ।

यिनै थियोलोजीका पदार्थहरूलाई अझ वृहत र विस्तृत रुपमा अनि व्यवस्थित रुपमा सिकाउने र तालिम दिने कार्यहरू, विशेषगरी सुधारवादको युगपछि सेमिनारी र विश्वविद्यालयहरूले गरिरहेका छन् । तर यसको पहिचान र अभ्यास प्रेरितीय मण्डलीमा (हेर्नुहोस् २ तिमो २:२) नै गरिएको थियो र अहिलेको जस्तो युद्धस्तरमा नभए तापनि प्राचीन र मध्यकालीन युगमा पनि यसलाई मण्डलीहरूले निरन्तरता दिएका थिए । यसरी व्यवस्थित रुपमा सिकाइएको शिक्षाले परमेश्वरको बारेमा अझै बुझेर उहाँको सेवामा सु-सज्जित हुने र उचित ईसाई विश्वासको अभ्यासले परमेश्वरको सृष्टि पुन: नविकरणका लागि उहाँको मिसनमा नि:सन्कोच तर उत्साहका साथ अगाडि बढ्न प्रेरणा दिँदछ । यसै ईश्वरशास्त्रीय शिक्षाका सन्दर्भमा नेपालमा भएको यसको विकासका बारेमा सङ्क्षिप्त सर्वेक्षण, चुनौती र प्रयासहरू यस लेखको विषयवस्तु हुने छ ।

**नेपालमा ईश्वरशास्त्रीय शिक्षाको विकास र चुनौतिहरू**

सन् १९५० को विश्वमा आएको परिवर्तनसँगै नेपालमा प्रोटेस्टेन्ट ईसाईहरूको प्रवेश भएको पाइन्छ । ईसाई सङ्ख्याको वृद्धि भएसँगै मण्डली स्थापना र सेवाकाईका लागि सेवकहरू निर्माणका लागि तालिम केन्द्रहरू सञ्चालन हुन थाले । नेपालमा प्रतिकूल अवस्था भएकाले सन् १९७० मा भारत रक्सौलको डंकन अस्पतालमा एक महिने बाइबल स्कूल सुरु भएको थियो । डा. रमेश खत्रीका अनुसार नेपाली भाषी ख्रीष्टियनका लागि यो नै पहिलो ईश्वरशास्त्रीय शैक्षिक संस्था हो (Some Critical Observations for Theological Education in Nepal, 1) । सन् १९७८ मा नेपालमा नै ४० दिने 'चेलापन तालिम केन्द्र' को सुरुवात भएको पाइन्छ । यसैगरी सन् १९८१ मा स्थापना भएको नेपाल बाइबल आश्रमले दुई वर्षे थियोलोजिकल कार्यक्रम सञ्चालन गरेको पाइन्छ । पा. गणेश तामाङका अनुसार यो संस्था नै दुई वर्षे कोर्स सञ्चालन गर्ने पहिलो सेमिनारी हो । सन् १९९० को परिवर्तनसँगै नेपालमा ईसाईहरूको सङ्ख्या युद्धस्तरमा वृद्धि भयो भने तालिम केन्द्रहरू र सेमिनारीहरू पनि

प्रशस्त मात्रामा खुल्दै गए । हाल नेपालमा B.Th. र त्यो भन्दा माथिल्लो Level का बाइबल कलेज र सेमिनारीहरूको सङ्ख्या ५२ जति छन् भने धेरैचाहिँ काठमाडौं उपत्यकामा नै छन् (Dr. Kim, Theological Education in Nepal, 2)। "ख्रीष्टको जुवामा नारिएका चेलाहरूको परिश्रमद्वारा सु-समाचारको फलहरूमा सुशोभित समुदायहरू" देख्ने भन्ने दर्शनका साथ सन् २००० मा आर. पि. एस. (पहिले EPTS) को स्थापना भयो । सन् २०१७ को अनौपचारिक सर्वेक्षणअनुसार आर. पि. एस. मा अध्ययन गरेकाहरूमध्ये करिव ९० प्रतिशत दिक्षान्तितहरू प्रत्यक्ष रुपमा सेवकाइमा सक्रिय रहेको पाइएको छ ।

नेपाल राष्ट्रिय मण्डली सर्वेक्षण २००७ अनुसार केवल १५ प्रतिशत नेपालका पास्टरहरूले मात्र तीन वर्षभन्दा बढि थियोलोजीको अध्ययन गरेको देखाएको छ (DAWN, 9) । यसका कारणहरू ईश्वरशास्त्रीय तालिमको आवश्यकताबारे मण्डलीका अगुवाहरूलाई जानकारी नहुनु वा वेवास्ता गर्नु हुनसक्छन् । अवसरको अभाव र भौगोलिक र आर्थिक जटिलता हुनसक्छन् । यो सर्वेक्षणपश्चात्को १४ वर्षको अवधिमा नेपालका बाइबल कलेजहरूले तालिम प्राप्त सेवकहरूको अभावलाई पक्कै पनि न्यूनिकरण गरेका छन् । तर बाइबल कलेजहरूको वृद्धिसँगै विभिन्न चुनौतिहरू पनि थपिएका छन् । डा. किम र पा. गणेश तामाङले गरेका खोजहरूले नेपालमा ईश्वरशास्त्रीय शिक्षाका सन्दर्भमा देखापरेका केही प्रखर चुनौति र समस्याहरू यस प्रकार छन्:

(१) नेपाल सरकारले मान्यता नदिनु । दर्ता नगरी दिनु ।
(२) श्रोतहरूको अभाव: नेपाली ख्रीष्टियन किताबहरू, आर्थिक
(३) नेपाली माटो सुहाउँदो पाठ्यक्रम
(४) पुस्तकालयको विकास र स्तरोन्नती
(५) ईश्वरशास्त्रीय शिक्षालाई कम महत्वको विषय ठान्नु
(६) छात्रवृत्ति वा विद्धता विकासमा कम लगानी ।

नेपालको ईश्वरशास्त्रीय शैक्षिक प्रणालीमा व्याप्त समस्याहरू गम्भीर प्रकारका छन् । कतिपय सेमिनारीहरू स्पष्ट मार्ग-निर्देशन र मूल्य-मान्यताहरूमा रही सञ्चालित हुनुभन्दा 'लोकप्रियता' तथा अर्थोपार्जन र जिविकोपार्जनका लागि सञ्चालन भएका तीता यथार्थहरू पनि प्रकट भएका कुराहरू अध्ययन अनुसन्धानले देखाएका छन् । विशेषत नेपाल सरकारले सेमिनारीहरूलाई शैक्षिक संस्थाको मान्यता नदिनु, नियामक संस्थाहरूको सुपरिवेक्षण कमजोर र न्यून रहनु तथा कतिपय अगुवाहरू 'जवाफदेहिता' मा नरहेर 'सर्वेसर्वा' हुनुले ईश्वरशास्त्रीय शिक्षाको मूल्य र महत्व खस्केको आभाष पाइन्छ । पुरातनवादी सोच (जस्तै ज्ञानले घमण्डी बनाउँछ, प्रार्थना गरेपछि पवित्र आत्माले सिकाइ हाल्नुहुन्छ नी - इत्यादी) ग्रस्त हाम्रो समाजमा अझै पनि ईश्वरशास्त्रीय शिक्षालाई उचित कदर गर्न नसकेको अवस्था छ । यसर्थ यो क्षेत्रमा उचित लगानी गर्ने, पुस्तकालय अनि नेपाली माटो सुहाउँदो पाठ्यक्रम विकास गर्ने तथा छात्रवृत्ति र विद्धता विकासका लागि प्रोत्साहित र उत्प्रेरित गर्ने कार्यहरूमा त्यति ध्यान नदिएको अवस्था छ । तर अझ दु:ख लाग्दो कुरा त यो छ कि कतिपय व्यक्तिहरूले तथाकथिक ईश्वरशास्त्रीय उच्च शिक्षाको (online) नाममा प्रशस्त अध्ययन र अनुसन्धान विना नै शैक्षिक प्रमाणपत्रहरू लिनेदिने कार्यहरू गरिरहेका छन् । परमेश्वर र उहाँको सृष्टिलाई सठिक रुपमा चिनेर सृष्टिलाई पुन: नविकरणका लागि उहाँको मिसनमा सहभागी हुने यस्तो परमेश्वरिय ज्ञानलाई गम्भीर्यता साथ नलिनु र कम आँक्नु साच्चै नै खेदजनक छ ।

**प्रयासहरू**

ईश्वरशास्त्रीय शिक्षा संसारको सवैभन्दा पुरानो, वृहत, गहन् र रहस्यात्मक विधा हो । यसर्थ यो विधासम्बन्धी आफ्ना धारणाहरू तयार पार्न अगाडि यसको ऐतिहासिक पाटाहरूको गहन अध्ययनको आवश्यकता छ । जसले हामीलाई इतिहासमा गरेका गल्तिहरू नदोहोऱ्याउन तर असल कुराहरूको समय सापेक्षिक अनुसरण गर्न सजग गराउँदछ । अहिले नेपाली मण्डलीहरू 'सम्वृद्धिवाद, उग्र-अनुग्रहवाद, उदारवाद तथा अतिवाद' का

धारहरूबाट प्रभावित भएका छन् । झूटा शिक्षाहरूको प्रभाव उत्तिकै छ । विश्वासीहरू अल्मलिएका छन् । दोधारमा परेका छन् । यसको एउटा प्रमुख कारण ठोस ईश्वरशास्त्रीय ज्ञानको अभाव हो । जसलाई व्यवस्थित रुपमा सिकिएन वा सिक्न चाहिएन र विश्वासीहरूलाई सिकाइएन । वस्तुगत कुराहरूलाई मात्र जोड दिइयो तर विषयगत अध्ययनलाई वेवास्ता गरियो ।

तर नेपालमा ईश्वरशास्त्रीय शिक्षाको इतिहासलाई हेर्ने हो भने मण्डलीका आवश्यकताहरू सम्वोधन गर्न बाइबल कलेजहरूले खेलेको भूमिकालाई कम आँक्नुहुँदैन । खैर यो चलायमान विश्वमा समय-सापेक्ष नेपाली माटो सुहाउँदो सठिक बाइबलीय सिद्धान्तहरूलाई उत्खनन् गर्ने Theology को निर्माण गर्नुपर्ने आवश्यकता भने तड्कारिएको छ । अझै पनि हाम्रा पाठ्यक्रम र शिक्षण विषयवस्तुहरू पश्चिमा थियोलोजीमा निर्भर छन् । तर वर्तमान परिप्रेक्षमा बाइबल कलेजहरूले परनिर्भर हुनुभन्दा नेपाली माटो सुहाउँदो Theology निर्माणमा पनि ध्यान दिन थालेका छन् । ईश्वरशास्त्रीय शिक्षालाई व्यवस्थित, पारदर्शी र गुणस्तरिय बनाउन नेपालका धेरै बाइबल कलेजहरू Asia Theological Association (ATA) सँग आवद्ध हुन थालेका छन् । ATA ले ईश्वरशास्त्रीय शिक्षाको गुणात्मक सुधारका लागि बाइबल कलेजहरूको सुपरिवेक्षण गर्ने, साधन श्रोतहरू उपलब्ध गराउने र आवश्यक निर्देशन र सुझावहरू दिने कार्य गर्दछ । साथसाथै यसका विद्वान् प्रतिनिधिहरू वेलावेलामा नेपाल आएर ईश्वरशास्त्रीय शिक्षकहरूलाई विभिन्न विषयहरूमा अद्यावधिक गराउने कार्य गर्दछन् । यसले गर्दा नेपालमा रहेका सेमिनारीहरूलाई एक ठाउँमा भेला गराउन मद्दत पुऱ्याएको छ । जसले परिस्थितिजन्य मुद्दाहरूमा धारण बनाउन र अध्ययनशील विषयहरूमा बहस र छलफल गर्न एउटा मञ्च तयार भएको छ । यसैको परिणामस्वरुप ईश्वरशास्त्रीय उच्च शिक्षा नेपालमा नै प्रदान गर्ने उद्देश्यले ATA बाट मान्यता प्राप्त बाइबल कलेजहरूको साझा मञ्च Nepal Theological Academy (NTA) सन् २०१५ मा स्थापना भयो ।

नेपालको ईश्वरशास्त्रीय शैक्षिक प्रणालीमा प्रगति हुँदै गइरहेको अर्को पाटो भनेको नेपाली भाषीहरूले पुस्तक तथा लेखहरू प्रकाशन गर्नु । अहिले पुस्तक पसलहरूमा ईसाई साहित्य सामग्रीहरू प्रशस्त रुपमा पाइन्छन् भने सामाजिक सन्जालहरूमा श्रव्यदृष्य सामग्रीहरू । वृद्धिमत्तापूर्वक यस्ता सामग्रीहरूको अध्ययन र प्रयोग गर्न सके पक्कै पनि हाम्रा ईश्वरशास्त्रीय ज्ञानमा सन्तुलन आउन सक्छ । यसर्थ ईसाई साहित्यको प्रकाशन पनि नेपालको ईश्वरशास्त्रीय शिक्षा विकासको एउटा कोशे ढुङ्गा हो भन्दा फरक पर्दैन । यहि तथ्यलाई मध्यनजर गर्दै RPS को कार्यकारिणी समितिले हरेक शिक्षकहरूलाई वर्षमा कम्तिमा एउटा लेख लेख्नलाई अनुरोध गरेको छ । यसैगरी RPS को मुखपत्रको रुपमा Restorers नामक अर्धवार्षिक पत्रिका पनि सन् २०१८ देखि प्रकाशित हुँदैआएको छ । नेपाली लेखकले लेखेको ईश्वरशास्त्रीय सामग्रीहरूको अभावलाई न्यूनिकरण गर्न RPS का Principal डा. वीरेन्द्र श्रेष्ठले नेपाली र अङ्ग्रेजी भाषामा पुरानो करारको परिचय प्रकाशित गरिसक्नुभएको छ भने पुरानो करारका अन्य पुस्तकहरू पनि प्रकाशित गर्ने क्रममा हुनुहुन्छ । हालहालै मात्र RPS का President डा. अर्विन पोखरेलले 'नेपाली रिफर्म्ड मण्डलीका पास्टरिय अगुवाहरुको सामर्थीकरणका लागि एउटा कार्यनिति' नामक शोधपत्र तयार गर्नुभएको छ । यस शोधपत्रमा उहाँले ६५ वर्षदेखि हालसम्म नेपाली मण्डलीमा पास्टरिय अगुवापन निर्माणका निम्ति भएका प्रयास र उपलब्ध साधन-स्रोतहरूको अध्ययन र विवेचना गर्नुभएको छ । उहाँको खोजको निष्कर्ष यस्तो छ "येशूको Shepherding Leadership नमुनाले नै व्यवहारिक रुपमा समुदायको सेवा गर्दछ र रुपान्तरित नेतृत्व निर्माण हासिल गर्ने उत्तम माध्यमचाहिँ मेन्टोरिङ हो" । आशा गर्दछौं कि पास्टरिय अगुवापन निर्माणमा समर्पित शोधग्रन्थले नेपाली मण्डलीहरू लाभान्वित हुने छन् ।

अन्त्यमा माथि नै भनि सकिएको छ कि थियोलोजी भनेको परमेश्वरले उहाँको आफ्नो मण्डलीमा प्रकट गर्नुभएको ज्ञान जसद्धारा मात्र उहाँलाई र उहाँसँग

सम्बन्धित सारा सृष्टिका बारेमा थाहा पाउन सकिन्छ। जीवित परमेश्वरको वचन, केवल धर्मशास्त्र मात्र सम्पूर्ण थियोलोजीको जग हो भने यसका निर्माणका पदार्थहरूचाहिँ बाइबल, मण्डलीका सिकाइ र ईसाई अनुभवहरू हुन् । ईश्वरशास्त्रीय बिधा ऐतिहासिक, गहन, वृहत् र रहस्यात्मक छ। यसको उचित बुझाइ र अभ्यास गराइ विना समग्र रुपमा परमेश्वरको मिसनमा सहभागी हुन सकिँदैन। संसारमा आइपर्ने उतारचढावहरू जस्तै युद्ध, भोकमरी, माहामारी (Covid-19) इत्यादि कुराहरू बुझ्न सकिँदैन र फलस्वरुप ईश्वरशास्त्रीय आधार नभएका अवधारणाहरू विकसित हुन्छन् जसले भ्रम सिर्जना गर्दछ । तर थियोलोजीको तालिम दिने कार्य केवल सेमिनारीको मात्र होइन । यसो गरियो भने कोरा सैद्धान्तिक ज्ञानको मात्र अभ्यास हुन्छ जुन व्यवहारिक यथार्थता भन्दा फरक हुनसक्दछ । यसकारण ईश्वरियशास्त्रका विषयवस्तु, समसामयिक सामाजिक-सांस्कृतिक परिवेश र विद्यार्थीहरूको व्यवहारिक अभ्यासका बारेमा मण्डलीहरू र सेमिनारी बीच नियमित अन्तरक्रिया हुनुपर्दछ । यसै अवसरमा मण्डलीका पास्टरहरूलाई ईश्वरशास्त्रीय सहि ईश्वरशास्त्रीय शिक्षाको महत्वका बारेमा पनि सु-सुचित पनि गराउनुपर्दछ। RPS ले वर्षमा कम्तिमा पनि दुई पटक यससँग सम्वन्धित मण्डलीका पास्टर अगुवाहरूसँग भेटघाटको कार्यक्रम गर्दै आइरहेको छ। जसले गर्दा सेमिनारी र मण्डली बीचको घनिष्टता बढेको छ भने विद्यार्थीहरूलाई ईश्वरशास्त्रीय शिक्षा प्रदान गर्ने प्रक्रियामा साझेदारी संस्कृतिको विकास भएको छ ।

**तर नेपालमा ईश्वरशास्त्रीय शिक्षाको इतिहासलाई हेर्ने हो भने मण्डलीका आवश्यकताहरू सम्वोधन गर्न बाइबल कलेजहरूले खेलेको भूमिकालाई कम आाक्नुहुदैन। खैर यो चलायमान विश्वमा समय-सापेक्ष नेपाली माटो सुहाउदो सठिक बाइबलीय सद्धान्तहरूलाई उत्खनन् गर्ने Theology को निर्माण गर्नुपर्ने आवश्यकता भने तड्कारिएको छ। अझै पनि हाम्रा पाठ्यक्रम र शिक्षण विषयवस्तुहरू पश्चिमा थियोलोजीमा निर्भर छन् ।**

# परमेश्वरको सार्वभौमिकता र कोरोना भाईरसः एक सन्तुलित ईश्वरशास्त्रीय प्रतिक्रिया

## Sovereignty of God and Coronavirus



रेभ. सन्तोष खतिवडा

भनिन्छ मानिस कथा सुन्ने, भन्ने र कथामा नै जिउने प्राणी हो । एक बालकले आफ्नो आमाको काखमा हुँदा र हजुरवुवा हजुरआमाको हात समाउदै टुकुटुकु हिँड्दा सुनेको कथाले नै उसले संसार, दैनिक जीवन, प्रकृति, काम, मानवीय सम्वेग र आवेगहरूप्रति आफ्नो धारणा विकास गर्दै लान्छ। यसलाई विश्वपरिदृश्य पनि भनिन्छ । लेखक जेम्स सायरले यसो भन्छन्, “विश्वपरिदृश्य मानिसको जीवनलाई टेको दिने, विश्वासको आधारभूत खाका हो जहाँ उभिएर उसले संसारलाई चियाउँछ र यसको गतिशिलतालाई व्याख्या गर्छ” *(युनिभर्स द नेक्स्ट डोर, पाँचौ संस्करण २००९, पृष्ठ १८)* । जब एक व्यक्ति, समाज र राष्ट्रले दुःख कष्ट र सङ्कष्टको सामना गर्छ त्यतिवेला सबैभन्दा बढी भार थेग्ने, र चलायमान हुने आधार भनेको विश्वपरिदृश्य नै हो ।

विश्व कोभिड १९ ले आक्रान्त बनेको छ । लाखौं मानिसहरूले ज्यान गुमाएका छन् । करोडौं मानिसहरू बेरोजगार भएका छन् । अनि आ-आफ्नो कथाअनुसार मानिसहरूले प्रतिक्रिया जनाउन थालेका छन् । कसैले यो राजनितिक व्यापारिक लडाईं हो भन्छन् त कसैले यो धर्तीमातालाई मानिसले गरेको अपमानको नतिजा हो । अब मण्डली पनि यस कुराबाट अछुतो छैन । परम्परा भनौं वा मण्डलीले पाएको ईश्वरशास्त्रीय ज्ञान, यस्तो अवस्थामा प्रतिक्रिया जनाउने तीन वटा विचारहरू छन् । पहिलो, परमेश्वरको दण्ड, दोस्रो अन्त्यको दिनको चिन्ह, र तेस्रो चेतावनी । तर एन टि राइट यसो भन्छन् “मण्डलीको काम यस महामारीलाई किन भयो भनेर व्याख्या गर्नुभन्दा पनि विलापको प्रार्थना गर्नु हो किनकि आत्माले (परमेश्वर) पनि बिलौना गर्नुहुन्छ । जब मानिसले अनुमानको भरमा यस्ता सङ्कष्टहरूको अर्थ लगाउँछ तब त्यहाँ असन्तुलित, बाइबल, परमेश्वरको गुण र येशूको जीवनशैलीसँग मेल नखाने शिक्षाको प्रतिपादन हुन्छ” *(टाइम म्यागजिन, मार्च २९, २०२०)*। ***तसर्थ नेपाली मण्डलीहरूमा महामारीलाई बाइबलअनुसार उल्था गर्न र यसले सृजना गर्ने पिर व्यथाहरूलाई सान्त्वनामा परिणत गर्न सङ्कष्टसम्बन्धी ईश्वरशास्त्रीय ज्ञान र शिक्षाको पनि जरुरी छ ।*** अब एक छिन हाम्रा मण्डलीहरूको कुरा गरौं । हाम्रा मण्डलीहरू के भन्दैछन् ? के हामीसँग दुःख, कष्ट, आपत, बिपत लगायत महामारीको समय र यसका असरहरूलाई सठीक अर्थ लगाउन सन्तुलित बाइबलीय शिक्षा उगाउने संयन्त्रहरू छन् त ? के बाइबल हाम्रो विश्वपरिदृश्य हो भनेर मण्डलीलाई यसमा स्थिर हुन शिक्षा दिएका छौं त ? यो समय अफवाह विचारहरू खोजेर अहिलेको महामारीलाई फिक्का रङरोगनको खोल पहिराउनुभन्दा एन टि राइटले भने जस्तो विलापको प्रार्थना गर्ने समय हो । उहाँले भने जस्तै “किन” भन्ने *(परमेश्वर र महामारी २०२०, पृष्ठ १३)* प्रश्नलाई छोडर “म के गरुँ” भन्ने प्रश्नलाई मनन् गर्ने समय हो । यो समय जोन पाइपरले भनेजस्तो परमेश्वरको सार्वभौमिकतामा पर्खने समय हो । परमेश्वरको यस

गुणलाई इतिहासबाट मनन् गर्नु, सोस्नु र यसमा पर्खनु नेपाली मण्डलीको सन्तुलित शिक्षा र प्रतिक्रिया सावित हुने छ । परमेश्वरको यो गुणको बारेमा तीन भागमा चर्चा गनेछौं । पहिलो, उहाँको कार्य, दोस्रो, ज्ञान, र तेस्रो, उहाँको अभिप्राय, वा योजना ।

**क) परमेश्वर काम गर्नुहुन्छ उहाँको काममा विश्वास गरेर पर्खनु वा विलापको प्रार्थनामा लाग्नु असल हो ।**

लेखक जिलियन यसरी भन्नुहुन्छ "मानिसको जीवन मूल्यवान छ किनकि परमेश्वरले मानिसलाई आफ्नो स्वरुपमा रचना गर्नुभएको छ" *(कोरोना महामारीमा छिमेकीलाई प्रेम गर्ने २०२०, पृष्ठ ३)* । बाइबलमा सृष्टिको घटनाबाट मानिसलाई चियाउँदा उ अति नै मूल्यवान् छ । तसर्थ उहाँले मानिसको वास्ता र फिक्री गर्नुहुन्छ र मानिसलाई सम्पूर्ण सृष्टिमाथि शासन गर्ने अधिकार दिएर महिमा र आदरको मुकुट पनि पहिऱ्याउनुभएको छ *(भज ८:३-८)* । मानिस मूल्यवान भएको हुनाले मानिसको जीवन रक्षा गर्न उहाँ काम गर्दै हुनुहुन्छ । ती कामहरूको छोटकरी चर्चा गरौं । पहिलो काम, सृष्टिको नियम हो । परमेश्वरले जब आकाश र पृथ्वी बनाउनुभयो तिनीहरूलाई एउटा नियममा राख्नुभयो । दिन र रात, बिऊ हुने बोट बिरुवा, जमिन र पानी, घाम र जुन । परमेश्वरले पृथ्वीमा ऋतुहरू दिनुभयो जुन आ-आफ्नै नियममा चल्दछन् र अटल र स्थिर छन् *(उत ८:२२)* । परमेश्वरले सृष्टिको यी नियमहरू मानिसको रक्षा गर्न, जीवन फस्टाउन र बृद्धि हुनको लागि दिनुभएको हो । किनकि मानिसको जीवन मूल्यवान् छ, र परमेश्वरले जीवनलाई रक्षा गर्नुहुन्छ । लेखकहरू डेबोरा र लोरेनले मानिस र प्रकृतिको सम्बन्ध बुझाउन "रेसिप्रोकल" *(ओरिजिन २०११, पृष्ठ ४९)* शब्दको प्रयोग गरेका छन् । प्रकृतिले मानिसको लागि चाहिने चिजविजहरू उमार्छ र मानिसले यसको रक्षा, बृद्धि, र विकास गर्छ । यसको अर्को पाटोमा प्राकृतिक महामारीहरूले मानिसको विनाश गर्छ तर मानिसले प्रकृति उपर प्रतिशोध साँध्नसक्दैन । यो परमेश्वरले सृष्टिमा राख्नुभएको नियम हो जसद्वारा उहाँ सार्वभौम ठहरिनुभएको छ ।

दोस्रो काम, परमेश्वरले जीवन र मृत्युलाई उहाँको अधीनमा सीमित राख्नुभएको छ । पृथ्वीको यो माटोमा कुन कोष विकास हुने ? कुन जीवाणुको व्युत्पत्ति हुने ? वा आकाशबाट कति मिलिलिटर पानी यस पृथ्वीमा झर्ने ? एउटी आमाको कोखबाट छोरा वा छोरी कसले पृथ्वीमा पाइला टेक्ने ? यो सबै कुरा मानिसको अधीनमा, उसको पहुँच वा ईच्छामा परमेश्वरले छोड्नुभएन । यी कामहरू उहाँले आफ्नो लागि राख्नुभएको छ । यो नै परमेश्वरको अधिकार र सार्वभौमिकता हो । परमेश्वर भन्नुहुन्छ, "जब म काम गर्छु, त्यसलाई कसले उल्टाउन सक्छ ?" *(यशै ४३:१३)* । लेखक जिलियनले यसरी भनेका छन्, "भयानक र हानी पुऱ्याउने मानिसहरू, देख्न सकिने भयानक प्राकृतिक र अदृश्य तहका शक्तिहरू र आँखाले नदेखिने भाईरस, जीवाणुहरूलाई परमेश्वरले अधीन गर्नुहुन्छ" *(कोरोना महामारीमा छिमेकीलाई प्रेम गर्ने २०२०, पृष्ठ ५)* । जोन पाईपर यसो भन्दछन्, "परमेश्वर बिजुली, बतास, हिऊँ, भ्यागुताहरू, भुसुनाहरू, झीँगाहरू, सलहहरू, रोगहरू, राजाहरूको हृदय सबै कुराहरूमाथि आफ्नो अधिकार राख्नुहुन्छ र परमेश्वरले यो कोभिड १९ को महामारीमाथि पनि अधीन गर्नुहुन्छ" *(कोरोनाभाइरस र ख्रीष्ट २०२०, पृष्ठ ४१, ४२)* । त्यसैकारण हामी यो सान्त्वना पाउन सक्छौं कि कोरोना भाईरसबाट मर्नेहरूको भन्दा निको हुनेहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको छ ।

तेस्रो काम परमेश्वरले मानिसको हृदय र सृष्टिलाई पनि पुन: नविकरण गर्दै हुनुहुन्छ । एन टि राईट भन्नुहुन्छ "मानिसहरूलाई निको पार्ने येशूको उपस्थिति, उहाँको मृत्यु र पुनरुत्थान नयाँ सृष्टिको चिन्हहरू हुन्" *(महामारी र परमेश्वर २०२०, पृष्ठ ६८)* । पावलले रोमी ८ अध्यायमा भने जस्तै सृष्टि भित्र-भित्रै आर्तनाद गरिरहेछ र आउनेवाला राज्यको प्रतिक्षा गरिरहेको छ । येशूले भन्नुभयो "पश्चाताप गर किनभने परमेश्वरको राज्य नजिक आएको छ" *(मत्ति ४:१७)* । ख्रीष्टले उहाँको मृत्यु र पुनरुत्थानद्वारा परमेश्वरको राज्यलाई मानिसहरूको माझमा प्रकट गर्नुभयो र यस राज्यमा आबद्ध हुन बोलाउनुभयो । यसरी परमेश्वरले सृष्टिलाई नविकरण

गर्दै हुनुहुन्छ । एन टी राईट अगाडि यसो भन्नुहुन्छ, "जब संसारमा महामारी, उथलपुथल र पीडा वेदनाहरू आउँछन् तब येशूलाई पछ्याउनेहरूचाँहि प्रार्थना गर्न बोलाईएका हुन्छन्" *(परमेश्वर र महामारी, २०२०, पृष्ठ ४६)*। परमेश्वरले उहाँका मानिसहरूले गर्ने प्रार्थनाद्वारा सृष्टिलाई नयाँ तुल्याउँदै हुनुहुन्छ। जब हामी "तपाईको राज्य आओस्" *(मत्ती ६:१०)* भनि प्रार्थना गर्छौं, तब येशूको निको हुने उपस्थितिको चाहत गर्छौं र नयाँ वा रुपान्तरण हुन तयारी हुन्छौं। मर्कूसको घरमा जब १२० जना चेलाहरू प्रार्थना गरिरहेका थिए तब प्रतिज्ञाअनुसार परमेश्वरले उहाँको आत्मा उनीहरूमाथि खन्याउनुभयो र त्यहाँ मण्डली, नयाँ यथार्थताको सुरुवात भयो *(प्रे १:१२-२:४७)*। परमेश्वरले यो महामारीको बीचमा सृष्टिलाई नयाँ बनाउने काम गर्दै हुनुहुन्छ। उहाँको यस कार्यमा विश्वास सहित पर्खनु, वा विलापको प्रार्थनामा लाग्नु असल हो ।

**ख) परमेश्वर सर्वज्ञानी हुनुहुन्छ, उहाँको यस गुणमा विश्वास गरेर पर्खनु वा विलापको प्रार्थनामा लाग्नु असल हो ।**

जे आइपेकरले यसो भन्नुहुन्छ "सबैभन्दा ठुलो विज्ञान परमेश्वरलाई चिन्नु हो" *(परमेश्वरलाई चिन्नु १९७३, पृष्ठ १८)* परमेश्रको ज्ञान उहाँले रचना गर्नुभएको थोकहरूद्वारा प्रकट हुँदछन् जसद्वारा हामी परमेश्लाई चिन्न र उहाँको गुणहरूबारे थाहा गर्न सक्छौं *(भज १९:१-२)* । उहाँलाई जान्न सकिने उहाँको ईश्वरीय स्वभावका गुणहरू सृष्टि भएका कुराहरूमा छर्लङ्ग राखिदिनुभएको छ *(रोमी १:२०)* । परमेश्वरले सृष्टिको आफ्नो कामद्वारा उहाँको अपार ज्ञानलाई प्रकट गर्नुभएको छ । सेन्ट अगस्टिन यसो भन्नुहुन्छ "सृष्टि ईश्वरीय पाना हो । धर्मशास्त्रका पानाहरू पढेलेखेकाहरूले मात्र पढ्न सक्छन् तर सृष्टिका पानाहरूमा यसका अक्षरहरू, कखरा नजानेकाले नि पढ्नसक्छन्" *(ओरिजिन २०११, पृष्ठ ७३)*। सृष्टि जति फराकिलो छ, त्यति नै उहाँको ज्ञान फराकिलो छ र यसभन्दा बाहिर संसारको कुनै पनि कुराहरू अस्तित्वमा रहन सक्दैनन् । विश्व इतिहासको बिगतलाई पल्टाएर हेर्दा, एच आइ भि, इबोला जस्ता जीवाणुहरूको सामना गर्न मानिसहरूले खोप पत्ता लगाए । क्यान्सर जस्ता रोगहरूसँग लड्न मानिसहरूले किमोथेरापी उपचार विधि पत्ता लगाएका छन् । उहाँ ज्ञानी हुनुहुन्छ तसर्थ मानिस ज्ञानी भएको छ । उहाँले प्रकट गर्नुहुन्छ त मानिसले देख्न अनुभूति गर्नसकेको छ। रिचार्ड डकिन्स यसो भन्नछन् "भुकम्पबारे बाइबलको व्याख्या मित्थ्या हो किनकि टेक्टोनिक प्लेट र यसमा आउने हलचलले भुकम्प जान्छ" *(द म्याजिक अफ रियालिटी २०११, पृष्ठ १३ )*। तर के परमेश्वरले सृष्टि गर्नुहुँदा नै ती टेक्टोनिक प्लेटहरू उहाँको ज्ञानमा थिएनन् र ? सृष्टिको नियम नै परमेश्वरले बनाउनुभएको हो भनेदेखि के पृथ्वीको गर्भमा हुने परिवर्तनहरू उहाँको ज्ञानमा छैनन र ? किनकि उहाँको चाल र विचारहरू मानिसको भन्दा महान् र गहिरा छन्। *(यशै ५५:९)*। बाइबलमा चार वटा बुद्धिका पुस्तकहरू छन् । ती मध्ये अय्यूबको पुस्तक रोचक छ । उसको जीवनमा आईपरेको सङ्कष्टलाई "किन" भन्ने प्रश्नबाट बुझ्न वा व्याख्या गर्ने प्रयास गरेका छन्। अर्को शब्दमा भन्नुपर्दा, उनले बुद्धि वा ज्ञान खोजिरहेका छन् *(अयू २८:१२)*। तर परमेश्वरले अय्यूबलाई निजवाफ तुल्याउनुभएको छ *(अयू ४०:४-५)* । परमेश्वरको चाल, उहाँको कार्य, ईच्छा र ज्ञानमा मानिसको पहुँच हुनुपर्छ भन्ने हुँदैन । परमेश्वरको ज्ञानमा उहाँ स्वतन्त्र हुनुहुन्छ। मोशा अगमवक्ताले भने जस्तो प्रकट भएका कुराहरू हाम्रो लागि हुन् र प्रकट नगरिएका परमेश्वरका हुन् *(व्यव २९:२९)*। डलास विलार्ड भन्नुहुन्छ "बुद्धिका पुस्तकहरूलाई येशूले आफ्नो शिक्षामा सङ्क्षिप्त रुपमा प्रस्तुत गर्नुभएको छ । किनकि ख्रीष्ट नै परमेश्वरको शक्ति र बुद्धि हुनुहुन्छ" *(हृदयको नविकरण २००२, पृष्ठ १३)* । परमेश्वरको ज्ञान, उहाँको बुद्धि ख्रीष्ट येशूको क्रूश र पुनरुत्थानद्वारा संसारको लागि प्रकट गरिएको छ। परमेश्वरको वैभव, बुद्धि र ज्ञान गहिरो छ। उहाँको मार्ग बुझ्न नसकिने गहिरा र उहाँको मनलाई कसले पो जान्नसक्छ *(रोमी ११:३३-३६)*। कोरोना महामारीको यो समयमा उहाँको ज्ञान (ख्रीष्ट) मा विश्वास गरेर पर्खनु नेपाली मण्डलीको लागि उत्कृष्ट आत्मिकी आचरण र ईश्वरशास्त्रीय प्रतिक्रिया सावित हुने छ । किनकि परमेश्वरको योजना कहिल्यै विफल हुँदैन ।

ग) परमेश्वर उहाँको अभिप्रायमा विफल हुनुभएको छैन, यो गुणमा पर्खनु असल हो ।

परमेश्वरले मानिसलगायत सारा सृष्टिलाई उद्देश्य सहित रचना गर्नुभएको छ । यो सर्वमान्य छ कि, सृष्टिका हरेक थोक, मानिस पनि एउटा निश्चित उद्देश्य वा गन्तव्यतर्फ हुँकिइरहेको छ। मानिसको ईच्छा चाहतहरू जुन यस संसारमा कहिल्यै पूरा हुँदैनन् यसले यो जनाउँछ कि मानिस अर्को संसारको लागि बनिएको छ । त्यो संसार परमेश्वर स्वयम् र उहाँको महिमा हो। जोन पाईपर यसो भन्नुहुन्छ "परमेश्वरको अभिप्राय उहाँको आफ्नै महिमा हो र हामीले उहाँको महिमा गर्नु हाम्रो जीवनको एकमात्र, सबै सन्तुष्टि, र सबै कुराको निचोड हो" *(डुनट वेष्ट योर लाईफ २00३, पेज ३१)*। तर मानिसले परमेश्वरलाई महिमा दिएको छैन। पावलले भनेजस्तै परमेश्वरको महिमा मूर्तिहरूसँग साटफेर गरेका छन् *(रोमी १:२१-२३)*।

वेष्टमिनिष्टर सङ्क्षिप्त धार्मिक शिक्षामा समावेश पहिलो प्रश्न यस प्रकार छ "मानिसको जीवनको मुख्य उद्देश्य के हो ? र जवाफमा यसरी भनिएको छ "मानिसको जीवनको मुख्य उद्देश्य परमेश्वरलाई महिमा दिनु र उहाँसँग रमाउनु हो" । तर मानिसहरूले परमेश्वरलाई महिमा दिएनन् *(यशै २९:१३)*। यसर्थ परमेश्वर आफ्नो महिमाको लागि डाही हुनुहुन्छ र उहाँको महिमा लिनु नै हुने छ *(यशै ४२:८)* । उहाँको कार्य, उहाँको ज्ञानअनुसार उहाँलाई जे ठीक लाग्छ त्यहिअनुसार उहाँले आफ्नो महिमा लिनुहुन्छ । चाहे त्यो विनाशको बाटोबाट होस् वा भलाईको, परमेश्वरले आफ्नो महिमा उहाँको अभिप्राय पूरा गर्नु नै हुने छ । मिश्रदेशमा दश विपत्ति पठाउनुभयो र फारोको सामू उहाँले आफ्नो महिमा प्रकट गर्नुभयो । दानिएल अगमवक्ताको जीवनबाट बेबिलोनको राजा नबूकदनेसरलाई आफ्नो महिमा प्रकट गर्नुभयो । परमेश्वर उहाँको अभिप्रायमा सर्वेसर्वा हुनुहुन्छ । प्राचीन समयका बुद्धिमानी राजाले यसरी भनेका छन् "परमप्रभुले सबैकुरा उहाँको आफ्नै उद्देश्यका लागि बनाउनुहुन्छ, दुष्टलाई समेत विनासको दिनको लागि उहाँले राख्नुभएको छ" *(हितो १६:४)* । अहिले हामीले तीतो अनुभव गरिरहेका छौँ । समय हाम्रो पक्षमा छैन । कोभिड १९, यो घातक जीवाणुलाई पनि परमेश्वरले उहाँको दिनको लागि राख्नुभएको छ। यसमार्फत् परमेश्वरले उहाँको योजना निश्चिय नै हाँसिल गर्नुहुने छ। परमेश्वर उहाँको योजना पूरा गर्न कहिल्यै विफल हुनुभएको छैन । अय्यूब यसो भन्छन् "तपाईं सबै कुरा गर्न सक्नुहुन्छ भनि म जान्दछु, तपाईंका कुनै योजना पनि विफल गर्न सकिँदैन" *(अयू ४२:२)* । परमेश्वरको यो गुणमा भरोसा राखेर उहाँमा पर्खनु असल हो ।

अन्तमा, नेपाल लगायत विश्व अहिले कोरोनाको यो महामारीको दुःखद घडीबाट गुज्रिरहेको छ । मानिसको दैनिकी फेरिएको छ, आर्थिक, मनोवैज्ञानिक, र सामाजिक जीवन चहल पहलमा व्यापक फेरवदल आएको छ। भोलि के हुने हो ? सबैतिर अन्यौल छाएको छ । जब हामी यस्तो महामारीको ऋतुमा आउँछौं तब हामी परम्परागत रुपमा तीन वटा पुर्वचिन्तित् शिक्षा आधारहरूमा स्वतः हाम फाल्छौं: यो पापको दण्ड, अन्त्यको दिनको चिन्ह, र चेतावनी हो । तर एन टि राइटले भने जस्तो उहाँमा पर्खिएर विलाप गर्नु परमेश्वरको वचन, चरित्र र येशूको जीवन मुताविक हुने छ । जोन पाइपरले भने जस्तो परमेश्वरको सार्वभौमिकता यस चरित्रमा मनन् गर्नु असल हो । परमेश्वर काम गर्दै हुनुहुन्छ, उहाँ सर्वज्ञानी, र उहाँको अभिप्राय कहिल्यै विफल हुने छैन। कोरोना महामारीको यो विकराल समयमा उहाँको यी गुणहरूमा धैर्य गरि पर्खनु नेपाली मण्डलीको सबैभन्दा उत्कृष्ट आत्मिकी आचरण र सन्तुलित ईश्वरशास्त्रीय शिक्षाको आधार सावित हुने छ । साथै नेपालका सेमिनारीहरूले पनि भईपरि आउने महामारीहरूका बारेमा विद्यार्थीहरूलाई शिक्षा दिन सन्तुलित र बाइबलमा आधारित पाठ्क्रमको विकास गर्नुपर्ने आवश्यकता देखिन्छ । यसो भयो भने यस्ता महामारीहरूलाई परम्परागत अवधारणाहरू र अनुमानको आधारमा 'बोध' नगरी परमेश्वरको सार्वभौमिकता र प्रकट भएको उहाँको वचनअनुसार अर्थ लगाउन र उहाँको प्रतिज्ञाहरूमा स्थिर रहन सिक्नेछौं ।

# प्रकोप तथा विपद् व्यवस्थापन र स्थानिय मण्डली

# Disaster Management and Local Church



डा. प्रेम सुबेदी

### पृष्ठभूमि

हाम्रो समाजमा पनि चल्तीमा रहेको भनाई "जब घरमा आगो लाग्यो, तब आगो निभाउन इनार खन्न लाग्यो" नेपाली समाजकै लागि बनिएको जस्तो लाग्छ, किनकि हामी जब-जब प्रकोप वा विपत्तिमा पर्छौं तब मात्र हाम्रो ज्ञान चक्षु खुल्छ अनि थाल्छौं "इनार खन्न" अर्थात अनेक योजना बनाउंन थाल्छौं । तर जब समय बित्दै जान्छ, प्रकोपले ल्याएको क्षति कम हुँदैजान्छ वा विपत्तिले बनाएको घाउहरू निको हुँदैजान्छन् । तब विपत्तिका बेला बनाइएका योजनाहरू पनि अलपत्र पर्छन् । २०७२ को महाभूकम्पको त्यत्रो क्षतिपछि पनि हामी (हाम्रो समाज, सरकार, अन्य निकाय) ले खासै केही पाठ सिकेका रहेनछौं । निश्चय नै सबै विपद्हरू (प्राकृतिक वा मानव सिर्जित) एकै खालका हुँदैनन् र ती सामना गर्ने योजना, विधि र काम पनि एउटै हुँदैनन् तर एउटा कुरा भने सबैजसो प्रकोपमा साझा हुन्छ त्यो भनेको मानिसलाई पुऱ्याउने क्षति– जीवन, काम, स्वास्थ्य, बसोबास, खानेकुरा आदि कुरामा पुग्ने क्षति ।

प्रकोप तथा विपद् व्यवस्थापनमा नेपाली मण्डलीको अवस्था पनि माथि उल्लेख गरिएको भनाइ (आगो लागे पछि इनार खन्ने) भन्दा गतिलो देखिँदैन बरु अझ कमजोर होला । बाइबल कलेज वा सेमिनारीमा पनि यस विषयमा त्यति चासोका साथ पठन पाठन र तयारीमा ध्यान दिइएको पाइदैंन । प्रकोप र विपत्तिका बारेमा बाइबलीय र ईश्वरशास्त्रीय दृष्टिकोण हेर्ने, खोज्ने र व्याख्या विश्लेषण हुनेगर्छ तर व्यवहारिक तवरमा भने प्रशस्त कमजोरीहरू रहेका छन् । मण्डलीतर्फ फर्केर हेर्दा विपद्को पूर्वतयारी, भइहालेपछि गर्नुपर्ने प्रतिकार्य (उद्धार तथा राहत) का निम्ति गर्ने काममा भने चुकिरहेको देखिन्छ । त्यसैले यस लेखमा प्रकोप के हो ? विपद् के हो ? प्रकोप व्यबस्थापनका चरणहरू के कस्ता छन्, प्रकोप हटाउन वा रोक्नै नसकेपनि त्यसले ल्याउने क्षति कम गर्ने र जोखिमबाट कसरी जोगिने बारेमा प्रकाश पार्ने प्रयत्न गरिएको छ । साथै यसबाट स्थानिय मण्डलीलाई आ-आफ्नो स्थानमा प्रकोप व्यवस्थापनमा लाग्न सहायता पुग्ने छ भन्ने आशा राखिएको छ । बाइबल कलेज सेमिनारीहरूले पनि नयाँ पाठ्यक्रमको विकास गर्दै यस विषयमा अध्ययन-अध्यापन गर्नलाई खोजी कार्य सुरु गर्ने छन् ।

### परिचय

धेरै मण्डलीहरू बारम्बार विपद् परिरहने परिवेशमा छन् । यी विपद्हरूमध्ये केही अचानक हुन्छन्, उदाहरणको लागि भूकम्प र बाढीहरू अचानक आइपर्छन् भने अरूखाले विपद्हरू– जस्तै, महामारी वा लामो खडेरी विस्तारै हप्ता वा महिना दिन विकास हुँदै आउँछन् । कति विपद्हरू मौसम सम्बन्धित छन्, उदाहरणको लागि पहिरो र बाढीहरू । हामी यस्ता विपद्हरू बारम्बार देख्न र भोग्न थालेका छौं साथै मौसम परिवर्तनले संसारका धेरै भागहरूमा यसको प्रभाव अझ बढ्दो रूपमा छ । अचानक आएका विपद्हरूमा

आकस्मिक प्रतिक्रियाको आवश्यकता हुन्छ र यो कार्यको निम्ति मण्डली ठीक स्थानमा रहेको छ । मण्डलीसित एकदमै मूल्यवान् तीनवटा मुख्य स्रोतहरू- आफ्नै ठाउँ र भवन, जमिन र मानिसहरू छन् । विपद्बाट बाँचेका मानिसहरूमा परिवार, साथीहरू र सम्पत्तिहरू गुमाएको कारण आएको भावनात्मक निरासामा सहायता गर्नको निम्ति पनि मण्डली सुसज्जित हुन्छ । यसले जाति, धर्म, लिङ्ग र राष्ट्रियताको कुनै भेदभाव नराखी आत्मिक राहत, भावनात्मक समर्थन र भविष्यको लागि आशा प्रदान गर्न सक्छ । आकस्मिक प्रतिक्रिया भनेको विपद्हरूलाई सम्बोधन गर्ने एउटा मात्र उपाय होइन । प्राकृतिक विनाशहरूको प्रभाव कम गर्नको निम्ति हामी राम्रोसित तयारी गर्न सक्छौँ । यो आलेखमा विपद् चक्रको बारेमा वर्णन गरिएको छ- विपद्पछि गरिने विभिन्न क्रियाकलापहरू (आपत्कालीन प्रतिक्रिया तथा पुनर्स्थापना) अनि पछि आउनसक्ने विपद्को जोखिमलाई न्यूनिकरण गर्ने कार्य र तयारीको बारेमा यहाँ उल्लेख गरिएको छ ।

**परिभाषा र चरण**

प्रकोप भन्नाले भयानक, प्राकृतिक वा मानव सृजित घटना भन्ने बुझिन्छ । प्राकृतिक घटना भूकम्प, बाढी, पहिरो, महामारी, आँधीबेरी, खडेरी, आगलागी, अनिकालजस्ता घटनाहरू पर्दछन् भने मानव-सृजित घटनामा द्वन्द्व, लडाई, युद्ध, हिँसा, औद्योगिक दुर्घटना कतिपय अवस्थामा माहामारी पनि पर्छन् ।

प्रकोप र विपद् आपसमा अति नजिक रुपमा सम्बन्धित छन् तर उस्तै वा एउटैचाहिँ होइनन् । प्रकोपको बारेमा सङ्क्षेपमा माथि बताइएको छ भने विपद् भनेको जोखिमको अवस्थामा रहेका र यसको प्रभावबाट उम्कन नसकेका मानिसहरू वा समुदायहरूलाई प्रकोप भोग्नु परेपछि आउने असामान्य अवस्थालाई विपद् भनिन्छ । उनीहरू यसै पनि अप्ठ्यारो वा जोखिमपूर्ण अवस्थाबाट गुज्रिरहेका हुन्छन्, त्यसमा प्रकोप थपिएपछि विपद् आइलाग्छ । जीवन गुजारा गर्न नै असमर्थ भैरहेको परिस्थितिमा प्रकोपबाट बच्न वा यसको असर कम गर्नका लागि गरिने विशेष व्यवस्था गर्न असमर्थ हुने भएकोले गरीब र सिमान्त अवस्थामा रहेका समुदाय बढि विपद्मा पर्दछन् ।

प्रकोप र विपद् हामी कसैको चाहना हैन तर हुन्छ र यसको प्रभावबाट कम क्षति हुने वातावरण तयार गर्नु नै यस खण्डको उद्देश्य हो । प्रकोप तथा विपद् व्यवस्थामा विभिन्न चरणहरू हुन्छन् । जसको आ-आफ्नो महत्व हुन्छ ।

१. आकस्मिक प्रतिकार्य (विपद्पछि तुरुन्तै गर्नुपर्ने काम)
२. पुनर्स्थापना
३. न्यूनिकरण
४. पूर्वतयारी

***आकस्मिक प्रतिकार्यः***

यस चरणको मुख्य लक्ष्य भनेको प्रकोपबाट बाँचेका मानिसहरूको आधारभूत र तत्कालीन आवश्यकता पूरा गर्नु हो जस्तोः खाना, पानी, लुगा फाटो, बस्ने ठाउँ, औषधि र मनोसामाजिक परामर्शको माध्यमबाट भावनात्मक सुरक्षा । यसमा जीवन बचाउन र प्रकोप पछि आउने विपद् (कष्ट) कम गर्ने प्रयत्न गरिन्छ । उदाहरणको लागि बाढी, भूकम्प, आँधीबेहरी र त्यसबाट बच्ने कुराहरू यसमा पर्दछन् । विपद्का बेलामा अर्थात प्रकोप भैसकेपछि बाहिरबाट सहायता आउनुअघि स्थानिय रुपमा रहेका अन्य जो पीडित भएका छैनन् वा कम प्रभावित छन्, उनीहरूद्वारा नै बचाइन्छन् । यस्तो अवस्थामा स्थानिय समुदायको धेरै महत्वपूर्ण भूमिका हुन्छ । किनकि उनीहरूसँग त्यससम्बन्धी ज्ञान र अनुभव हुनसक्छ । ढिलो प्रभाव पार्ने प्रकोपहरू जस्तै खडेरी अनिकाल जस्ता प्रकोपहरूमा आकस्मिक प्रतिकार्यको समय अवधि लामो समय (महिना, वर्षसम्म) निरन्तर चलिरहन सक्छ । तत्कालको प्रतिकार्यमा लामो समयसम्म बाहिरको सहायता जरुरी पनि हुँदैन । त्यस्तो भयो भने समुदायमा नकारात्मक असर पार्न सक्छ । जसले सबैखाले कुराको लागि बा्य सहयोग नै खोज्ने (परनिर्भर) बनाउने र उनीहरूको आन्तरिक क्षमतालाई कमजोर बनाउँछ । त्यसैले यो अर्थात बा्य सहायता छोटो समयको लागि मात्र हुनुपर्छ ।

*पुनःस्थापना:*

आकस्मिक वा तत्कालको प्रतिकार्यको चरण सकिएपछि समुदायलाई पुनः निर्माण गर्न अर्थात् पहिलाको अवस्थामा फर्काउनका लागि गरिने कामहरू नै पुनः स्थापनाको कामहरू हुन् । यो चरणको अवधि केही हप्तादेखि महिनौसम्म पनि हुनसक्छ । अवस्था हेरेर पुनःस्थापनाअन्तर्गत घरहरू मर्मत गर्ने, खानेपानी र सरसफाइमा कामहरू सुचारु गर्ने, भविष्यमा आउन सक्ने विपद्बाट कम क्षति हुनका लागि जीविका चलाउने कुराहरू (बीउ, विजन, खेतीपाती आदि) गरी सहजतातिर जाने चरण नै पुनः स्थापना (फेरी पहिलेको अवस्थामा लैजाने) चरण हो । यसले पहिलेभन्दा अझ राम्रो बनाउने कुरामा पनि ध्यान दिन्छ । जस्तो: भूकम्प प्रतिरोधी घरहरू बनाउने, बाढी नआउने ठाउँमा खानेपानी टङ्की बनाउने वा खडेरी प्रतिरोधी बीउ वा जात छनौट गरी खेती गर्ने कुरा समेत यसै चरणमा पर्दछन् । यस चरणमा संस्थागत संरचना (सहायता समूह, सहकारी) क्षमता विकास र सँगसँगै काम गर्ने कुरामा समेत ध्यान दिइन्छ ।

*विपद् न्यूनिकरण:*

प्रकोपलाई पूर्णरुपमा रोक्न त सकिँदैन किनभने कतिपय कुराहरू हाम्रो वशमा हुँदैनन् र नचाहँदा नचाहँदै पनि घटी हाल्छन् । तर  समुदायमा पर्न सक्ने असर वा जोखिमलाई  कम गर्न सकिन्छ । पहिले नै व्यवहारिक कामहरू गर्न सकिन्छ । जसबाट विपद्को जोखिम कम गर्न सकिन्छ । यसैलाई नै विपद् न्यूनिकरण (अल्पीकरण) भनिन्छ । समुदायले तल उल्लेख भएका सबै कुराहरू आफ्नै हैसियत वा क्षमतामा गर्न गाह्रो हुन्छ तर समुदायमा भएका सीप, अनुभव, श्रोतको खोजी गर्न र तिनीहरूको समुचित प्रयोग गर्न सकिन्छ । जस्तैः

- बाढी सुरक्षित बाँध बनाउने
- बाढीको पानीको छिटो निकासको लागि नालीको व्यवस्था
- बलिया घर बनाउने जसले भूकम्प वा बाढीबाट बचाउन सकोस्
- वृक्षारोपण (भिरालो जमीन तथा खोला नदी छेउ)
- खडेरी खप्न सक्ने, रोग कीरा कम लाग्ने वीउको छनौट गर्ने
- सम्भावित द्वन्द्व कम गर्न मेलमिलाप तथा क्षमाका कामहरू

विपद् न्यूनिकरण र पुनस्थापना एकअर्कासँग सम्बन्धित छन् जस्तै पुननिर्माणको बेलामा बलियो घर बनाइयो भने जोखिम न्युन हुन्छ ।

*विपद्को पूर्वतयारी :*

माथि नै भनियो कि प्रकोपलाई पूर्णरुपमा हटाउन सकिँदैन किनकि प्रकोप हाम्रो नियन्त्रणभन्दा बाहिर छ तर प्रकोप आउँछ वा आउन सक्छ भन्ने कुरा सम्झेर त्यसबाट हुने जोखिमबाट कसरी जोगिने वा कमभन्दा कम क्षति व्यहोर्ने कुराको तयारी नै विपद्को पूर्वतयारी हो । यस्तो तयारीले समुदायका मानिसहरूलाई प्रकोप सामना गर्न र पूर्व अवस्थामा फर्काउन मद्दत गर्छ । यस क्रममा स्थानिय स्तरमा भएका श्रोत र साधनहरूको राम्रोसँग खोजी र परिचालन गर्नुपर्दछ । उदाहरणको लागि हामीसँग भएको सीप, अनुभव, नगद वा जिन्सी, क्षमता वा प्रकृतिक श्रोत । तयारीका क्रममा हामीसँग यस्तो प्रकोप आउनसक्छ जसले यस किसिमको जोखिम वा प्रभाव पार्छ त्यसैले त्यसको लागि हामी यो यो काम (योजना) गर्ने छौं भनी तयार गरिएको कामहरू नै पूर्वतयारीका कामहरू हुन् । उदाहरणको लागि बाढीसम्बन्धी पूर्वसूचना प्रणाली, प्राथमिक उपचारसम्बन्धी तालिम, प्रकोपको वेला भेला हुने सुरक्षित ठाउँको खोजी र स्थानान्तरणसम्बन्धी तयारी, आकस्मिक सरसामानको जोहो गर्ने, सबभन्दा बढी प्रभावित हुन सक्ने मानिसहरूको पहिचान गर्ने र जिम्मेवारी र भूमिकाको बाँडफाँड पनि पूर्वतयारीकै कामहरू हुन् । व्यवहारिक अभ्यास गरी मानिसहरूलाई सचेत गराउनु आवश्यक सुचना प्रदान गर्ने कुरा समेत यसैमा पर्दछन् ।

**विपद् व्यवस्थापनमा मण्डलीका अगुवाहरूको भूमिका**

समुदाय र मण्डलीका सदस्यहरूलाई विपद्को लागि तयार गर्न र प्रतिकार्य गर्न सहायता गर्न मण्डलीका अगुवाहरूले महत्वपूर्ण भूमिका खेल्न सक्छन् । गर्नुपर्ने

कामहरू धेरै हुने भएकोले पास्टर एक्लैले यी सबै काम पूरा गर्न सक्दैनन् । पास्टरले कामहरू अगाडि बढाउन सीप भएका मानिसहरू पहिचान गरी त्यसलाई हस्तान्तरण गर्नु जरुरी हुन्छ । तलका कामहरूमध्ये केही काम आफ्नो पास्टरीय जिम्मेवारीका साथमा आफैँ गर्न सक्छन् भने कतिपय जिम्मेवारी अरुद्धारा गराउन सक्छन् ।

### *अन्तर्दृष्टि*

आफ्नो क्षेत्रमा हुनसक्ने विपद्को जोखिमका बारेमा थाहा हुनु र मण्डली र समुदायमा यो कुरा बाँड्नु ।

### *नेतृत्व*

अप्ठेरो अवस्थामा छिटो विचार गर्नसक्ने, प्राथमिकता तोक्ने, निर्णय गर्नसक्ने र आवश्यक परेमा अरुलाई कार्य हस्तान्तरण गर्नसक्ने ।

### *आत्मिक र भावनात्मक सहयोग*

विपद्को कारणले भावनात्मक रुपमा पीडित र शोकमा परेकाहरूका कुरा सुन्न र प्रार्थनाद्धारा सहायता दिन उपलब्ध हुनसक्ने ।

### *स्वयम्सेवक व्यबस्थापन*

स्वयम्सेवक खोजी, भर्ना, व्यवस्थापन र उत्साह दिनसक्ने ।

### सञ्जाल

देश विदेशमा मण्डली र संस्थाहरूसँग सम्वन्ध समन्वय राख्ने ।

### *शिक्षा*

विपद्हरूबारे बाइबलीय दृष्टिकोण र शिक्षा तथा हरेक वर्ण, जाति तथा वर्गका मानिसहरूप्रति परमेश्वरको करुणाबारे बताउने ।

प्रायः प्राकृतिक विपत्तिहरू आइरहने क्षेत्रमा रहेका मण्डलीका अगुवाहरू र मण्डलीका सदस्यहरूलाई मार्गनिर्देशन प्रदान गर्नको निम्ति यो पुस्तिका तयार गरिएको हो । केही क्षेत्रहरू तुलनात्मक रुपमा उच्च मौसमी जोखिममा नरहेका देखिनसक्छ । तर मौसम परिवर्तनको कारणले भविष्यमा यसमा परिवर्तन आउनसक्छ । बाइबल कलेजहरू वा सेमिनारीहरूमा विपद् व्यवस्थापनको बारेमा प्रायः सिकाइने गरिदैन तर पनि मण्डलीका सदस्यहरूले सहायता र निर्देशनको लागि स्वस्फूर्त रुपमा आफ्ना आत्मिक अगुवाहरू र स्थानिय प्रशासनलाई हेर्नेगर्छन् । यस पुस्तिकाले यसरी आएको अनुरोधप्रति प्रतिक्रिया दिनको लागि अगुवालाई चाहिएका ज्ञान र सीपहरू प्रदान गर्ने छ । प्राकृतिक विपत्तिहरूको समयमा प्रयोग गर्नको लागि सामान्यतयाः मण्डलीहरूसँग पर्याप्त स्रोतहरू हुन्छ– अर्थात् मण्डली भवन तथा हाता र मण्डलीका सदस्यहरू इत्यादि कुरा स्रोतको रुपमा प्रयोग गर्न सकिन्छ । तिनीहरूसँग समर्पित मानिसहरूको समूह पनि हुन्छ, जो करुणाद्वारा उत्प्रेरित हुन्छन् र सङ्कष्टको समयमा काम गर्न सक्रिय हुनसक्छन् । प्रायःमण्डलीसँग बलिया साना समूहहरू हुन्छन्, जुन प्राकृतिक विपत्तिको खतराको बारेमा जनचेतना जगाउनको निम्ति प्रयोग गर्न सकिन्छ साथै समुदायहरूलाई एकठाउँमा ल्याएर योजनाहरू वनाउन र आइपर्ने जोखिमहरू घटाउन सकिन्छ ।

यसर्थ प्राकृतिक विपत्तिहरूको सधैँ जोखिममा रहेको हाम्रो जस्तो मुलुकमा प्रकोप तथा विपद् व्यवस्थापनका आधारभूत चरणहरूका बारेमा उचित पाठ्यक्रमको विकास गरेर सेमिनारीहरूले शिक्षण क्रियाकलाप गराउनुपर्दछ । साथै मण्डलीहरूले पनि यो विषयलाई उच्च प्राथमिकतामा राखेर विश्वासीहरूलाई सधैँ सु-सुचित गराउने काम गरिरहनुपर्दछ । (विपद्को सामना गर्न मण्डली कति सवल छ र त्यसलाई कसरी चुस्त बनाउने भन्ने बारेमा अर्को अङ्कमा प्रस्तुत हुने छ ।)

(स्रोतः माइका नेटवर्क नेपाल २०१४)

# Faculty: The Hidden Curriculum of Theological Institution



Ms. Menuka Mishra

**Introduction**

This article is about faculty should be one of the hidden curriculums of the Theological institution because they are the example of leadership for their local churches and communities. For three years of our ATA and GATE Faculty Workshop, this topic has been emphasizing more because theological seminaries and colleges are failing to produce authentic character leaders for the local churches and communities in the past years (ATA and GATE Faculty Workshop, 2018-2020). As Glenn Geher said that "the future of this Nation depends on teachers" (Geher, 2017). So, this article wanted to focus on the future of our local churches and communities depends on theological seminaries and colleges teaching faculty. Indeed, theological institution plays a vital role to generate future qualified pastor, leaders, and educators for our local churches and communities. Thus, the purpose of this article is to comprehend the importance of recruiting qualified faculty for the theological seminary equally in their character and educational profession. Precisely, this article is limited in two areas the character and educational professions of the faculty. And finally, the conclusion will follow with the implication for seminaries in Nepal and beyond to recruit qualified faculty both in character and educational profession for the training of future pastors, leaders, and educators for their local churches and communities.

**The Character of the Teachers of the Scripture**

The character of the teachers of the Scripture depends on their calling and commitment, and morality, and love for their profession. Thus, firstly this section will discuss the calling and commitment of the teachers of the Scripture. And secondly, it will discuss the morality and love for their profession as the teachers of the Scripture.

***Calling and Commitment***

As the teachers of the Scripture, we are called to know, profess, practice, and then commit to teaching the truth from the Scripture and through our lives. It is vital to understand first our calling as a teacher of the Scripture. Precisely, the love for the divine author of the Scripture and his Words authenticate your calling and commitment as a teacher of the Scripture. The love for the divine author of the Scripture and His Words depends on how much you know him and his Words personally. Even, Jesus told to the teachers of the Scripture that "Isaiah was right when he prophesied about you hypocrites; as it is written: These people honor me with their lips, but their hearts are far from me. They worship me in vain; their teachings are merely human rules" (Mark 7:6-7). Indeed, what we can observe from this statement of Jesus is that they love their profession as a teacher of the Scripture but they have forgotten to love the divine author of the Scripture and his Words in the Scripture; and they twisted his Words into their own selfish human rules to please themselves and to judge others.

The commitment of the teachers of the Scripture to teach the truth depends on how personally you know God, profess his faith in God and his Words, and follow and live according to God's Word to inspire and influence your pupil. For instance, Jesus Christ as a teacher taught the Scripture with authority not like the Pharisees and the teacher of the law (Mark 1:21-22, 27) because he knew personally his Father, his Words, followed and lived according to his Father's Words until his ascension and he became one of the inspirational and influential teachers for his disciples and his followers of all ages. Thus, the calling and commitment of the faculty are vital for their character as a teacher of the Scripture.

### *Morality and Love for the Profession*

The morally qualified and love for their profession as the teachers of the Scripture is vital and in high demand of the twenty-first century Theological Institutions. Often, the local churches are looking for "Theological Institutions" to produce their future authentic character, theologically competent, and ministry-minded pastors, leaders, and educator who loves their local churches and communities unconditionally. As Geher said that "the future of this Nation depends on teachers" (Geher, 2017). So, this article wanted to focus on the future of our local churches and communities depends on theological seminaries and colleges teaching faculty. Thus, the statement "Faculty as a Curriculum" is an important and crucial issue to deal with.

The moral and ethical character of the teaching faculty is important because they are the mirror and reflection of the future moral pastors, leaders, and educators of our local churches and communities. However, reluctantly we are failing in this area as per GATE seminar observations and evaluations. Thus, it is important to recruit morally and ethically qualified faculty for the Theological Seminary and Colleges. The following are proposed for the moral and ethical qualifications of the teaching faculty learned from Jesus Christ and prescribed by the apostles in the Scripture: the individual who have the reputations and honor in and outside of their local churches and communities (1Tim. 3:7, 11; 2 Tim. 2:15-17; Titus 1:6-9), who loves the church (Matt. 16:18; John 21:15-17; Acts 2:42-47), who pray, read and meditate the Scripture daily (Acts 2:42; 5:42; 6:2,4; ), who preach, teach and live according to the Scripture (Acts 2:41-42; ), and who involve in local church ministry in various capacities, such as the pastor, elder, leader, educator (for adult, youth and children), etc.

Our Lord Jesus Christ became the best model of moral and ethical character teacher who loved his profession (mission) to build his church through his disciples and followers (Matt. 16:18; John 21:15-17); and his disciples or apostles took that profession (mission) after his ascension mentioned in the book of Acts and all the Epistles in the New Testament as the role model for the upcoming generation of the local churches. Thus, the apostles always emphasize their local churches to imitate them because they are imitating Jesus Christ in all the sphere of their lives (1 Cor. 11:1; 4:16; Eph. 5:1-2; Phil. 3:17; 1Thess. 1:6). So, the teaching faculty should be the role model to be imitated or followed by his pupils to partake or collaborate in the mission of Christ to build His church (Matt. 16:18; John 17:1-26; 21: 15-17) for that calling and commitment, and morality and love for their profession as a teaching faculty of Theological Seminaries and colleges matters.

### Faculty: Holistic Educational Professionals

The twenty-first-century theological education system is adopting the model which claims that faculty should be the hidden curriculum of the Theological Institutions. This article has proposed that the hidden curriculum needed to include adequate learning in four areas of their life: academic, spiritual, physical, and social; to develop them holistically for their future ministry. Thus, the Theological Institutions have a responsibility for the holistic development of future pastors, leaders, and educators for being a hidden curriculum for them.

### *Academic and Spiritual Qualification*

An academic (theologically competent) and a spiritual qualification of the faculty is essential for the healthy development of their pupil's theological knowledge to comprehend academically and to internalize it spiritually. Firstly, this process should be proceeded from the teaching faculty himself/herself by showing their academic qualifications – earned degrees and specializations in a particular area of teachings, the confidence in their area of teaching, preparedness in their subject matters, clear in their expositions of the subject matters, and extra knowledgeable in their area of teachings to inspire and influence the pupils beyond majors by providing them resources to think, analyze and explore more for further learnings. Besides these, the faculty should follow the time management strictly for the wellbeing of himself and his pupil.

And secondly, by showing the spiritual discipline of faculty through their way of living – spending time with God in prayer and meditation of the Scripture personally, investing time in the spiritual formation of their pupils by being with them in their daily prayer and devotion time, showing compassion and pastoral care in their difficult times, learning and practicing patience and humbleness in their problems, and equipping them for their present

and future ministry by teaching in the classes and practicing it by actively participating in the local church and its ministry.

### *Physical and Social Qualification*

The physical and social development of the pupil is equally necessary as the academic and spiritual for holistic development. Indeed, this article has mentioned that faculty is the mirror and reflection of our future pastors, leaders, and educators. Thus, it is vital to be a role model for our pupils by teaching them physically and socially by sharing, building, and mentoring. Firstly, sharing our past experiences and living in present by doing and learning with our students. The well-known English proverbs say that "the best teacher is the experience." So, as a teacher, we need to bring our past experiences in our teaching lessons for students to teach them confidently. And living in a present by doing and learning together with students motivate and influence them to follow the footsteps of their teachers. Secondly, building healthy relationships and creating healthy boundaries with students is vital because this will help teachers and students to know themselves personally. Specifically, teachers will be benefited to develop them holistically in-spite of their weaknesses in some areas. However, being a teacher need to be wise in keeping healthy boundaries also with students for their personal growth and benefit in-order to discipline them (for needed time) and not to take any advantages from teachers. Finally, mentoring them to relying on future uncertain ministry by planning, praying, and trusting God completely. Mentoring is a crucial part of any Theological education system. So, every teaching faculty should be a good mentor for their students, and students may also learn to be a mentor. As we are the teachers of Theological seminaries, institutions, and collages then mentoring future pastors, leaders, and educators is our responsibility to guide them in the ways of the Lord. Specifically, to mentor them for their seen or unseen future uncertain ministry by motivating them to plan, pray and trust God for everything while they are physically present in the seminary because sometimes students are confused and tend to fall away from their vision and mission of their seminary and their sending (local) churches. Thus, mentoring helps them to keep their focus on the Lord Jesus Christ and His mission to love the church which is also the vision and mission of the seminary and their local churches.

### Conclusion

This article has motivated the Theological Institutes, Seminaries, and Colleges to wait, pray, and look for a qualified faculty as a hidden curriculum to train and reproduce future pastors, leaders, and educators for our local churches and communities in the likeness of Christ Jesus. Likewise, the local churches have also responsibilities to recommend and send prospective future pastors, leaders, and educators to be trained in the Theological institutes, seminaries, and colleges who have the qualified faculty in character and educational professions for the holistic development. Thus, this article would like to challenge the Theological Institutions to recruit qualified faculty in character and educational profession for healthy growth and development of the local churches and communities because the qualified faculty is the mirror and reflection of leadership for the future local churches and communities. Therefore, the future of the local churches and communities depends on Theological Institutions and their hidden curriculum (qualified faculty in character and educational profession).

### Reference List:


Asia Theological Association (ATA) and Global Associates for Transformation Education

(GATE) Faculty Workshop. 2018-2020. "Transformational Education." Lecture on Faculty Workshop, Kathmandu, Nepal, January 30-Februay 1, 2018-2020.

Geher, Gleen. 2017. "The Future of Nation Depends on Teachers." *Physicologytoday.com.*

Accessed May 16, 2020. https://www.psychologytoday.com/us/blog/darwins-subterranean-world/201704/the-future-nation-depends-teachers.

# आर.पि.यस. (RPS) को योगदान

# Contribution of RPS in My Life



रेभ. लकिम राई

सर्वप्रथम परमेश्वरलाई धन्यवाद भएको होस् आर. पि. एस. जस्तो एउटा स्तरिय बाइबल कलेजमा अध्ययन गर्ने अवसर जुटाइदिनुभएको लागि । सेवाकाईको निम्ति बाइबलीय शिक्षाको जग बसाल्न कलेजले मेरो जीवनमा ठूलो योगदान पुऱ्याएको छ । मैले बाइबल कलेज पढ्नुभन्दा पहिले र त्यसपछिको सेवाकाईमा धेरै नै फरक अनुभव गरेको छु । हुन त कति अग्रजहरूले सेवाकाई गर्नलाई बाइबल कलेज नै पढ्नुपर्छ भन्ने छैन भनेर सल्लाह पनि दिए । म अन्योलमा थिए । तर परमेश्वरले मलाई आर.पि.एस.मा पढ्ने ढोकाहरू खोलिदिनुभयो। मैले आर.पि.एस. मा २००६ देखि २००९ सम्म अध्ययन गरे । मेरो कलेजको अध्ययनपश्चात् क्रस-वे कम्यूनिटी चर्चमा सेवा गर्दै आइरहेकोछु । सेवाकाईको लागि नभइ नहुने आधारभूत शिक्षाहरू प्रदान गर्नमा महत्वपूर्ण योगदान गर्नुभएकोमा आर. पि. एस. का सम्पूर्ण गुरुजनहरूलाई म हृदयदेखि धन्यवाद टक्र्याउँछु ।

जुन दिन मैले बप्तिस्मा लिएको थिए त्यसै दिनदेखि मैले पाएको शान्ति ममा नै सीमित नराखेर अरुलाई पनि सुनाउछु भनेर मनमा सोचेको थिए । तर परमेश्वरको सेवा गर्ने जोस भए पनि होस भने थिएन । व्यक्तिगत रुपले गरेको बाइबल अध्ययनद्वारा जति जानेको थिएँ त्यसैको आधारमा सुसमाचार जोसको साथ सुनाउने गर्थे । एकपटक पहाडमा एकजना आफन्त पर्ने दाजु धेरै महिनादेखि सिकिस्त विरामी भएर मर्ने लागेको छ भन्ने खबर पाए । त्यो समयमा पहाडमा गाडी बाटो बनेको थिएन । कठिन यात्रा गर्दै दाजुको घरमा पुगे । दाजु त विरामीले सुकेर हड्डी र छाला मात्रै हुनुभएको रहेछ । म उहाँको घर पुगेको समयदेखि नै प्रभु येशूले कसरी विरामीहरू निको पार्नुभयो भनेर बाइबलबाट सुसमाचार सुनाए । उहाँले येशूमा विश्वास गर्नुभयो । समय वित्दै जाँदा दाजु निको हुनुभयो र बप्तिस्मा पनि लिनुभयो । प्रभुले प्रार्थना सुन्नुभयो ।

यसरी विरामी मानिसहरूको घर-घर गएर सुसमाचार सुनाउन म झन-झन जोसिए । तर कतिपल्ट भने मेरो प्रार्थनाको सुनुवाइ हुँदैन थियो । त्यसबेला म निरास हुन्थे । विरामीहरूको लागि उपवास वसेर गरेको प्रार्थनाले पनि कतिपय विरामीहरूलाई बचाउन सक्दैन थियो । मनमा शङ्का हुन्थ्यो । मैले पाप गरेर पो सुनाइ भएन कि या कुनै गल्ती गरेकी, किन यस्तो भयो होला भन्ने प्रश्नले मनमा सारै खुलदुली लागिरहन्थ्यो । बाइबल कलेजमा आएपछि गुरुजनहरूले रोग विरामीको जरा, यसको प्रवेश, अन्त्य इत्यादी विषयका बाइबलीय सिद्धान्तहरू सिकाउनुभयो । जब सेमिनारीमा आएपछि यी सिद्धान्तहरूका बारेमा सही ज्ञान भयो तव जोसमा होस थपिदैं गयो । आफूले जानेको सिकेको कुराहरूमा अझ ज्ञान थप्ने अवसर प्राप्त भयो । परमेश्वरको उद्देश्यहरू बुझेपछि शङ्काहरू विस्तारै हट्दै गए ।

सुसमाचार कसरी सुनाउने तरिका पनि सिकेको थिइन । धेरैजसो सुसमाचार येशूले चङ्गाई गर्नुहुन्छ भन्ने मात्र हुन्थ्यो । आर.पि.एस. मा आएपछि गुरुजनहरूले धर्मशास्त्र सिकाउँदै जानुभएपछि थाहा भयो कि परमेश्वरले मानिस सृष्टिगर्दा सिद्ध भए

तापनि मानिसमा मृत्यु कसरी प्रवेश गऱ्यो ? त्यो मृत्युबाट छुटकारा दिन परमेश्वरले कस्तो बन्दोबस्त गर्नुभयो ? त्यो बन्दोबस्तबाट फेरी हामीले कहिल्यै पनि नमर्ने जीवन प्राप्त गर्नेछौं भन्ने कुरा स्पष्ट रुपमा थाहा भयो । मानवजातिको लागि परमेरश्वरवाटको असल सुसमाचार त यो रहेछ । यसरी सुसमाचारलाई सही तरिकाले प्रस्तुत गर्न आर. पि. एस. ले पुऱ्याएको महत्वपूर्ण योगदानलाई म कहिल्यै भुल्न सक्दिन ।

कलेज आउनअघि वचन तयारीको लागि धेरै अध्ययन गर्ने बानी पनि थिएन । बाइबल बुझ्नलाई लेखिएका सहायक पुस्तकहरूको अध्ययन कहिल्यै गरेको थिइन । मेरो बानी त एकछिन बाइबल हेऱ्यो, हेरिसकेपछि मनमा जे आयो त्यही प्रचार गर्दथे । बाइबलका अप्ठ्यारो शब्दहरूको अर्थ बुझ्न शब्दकोष पढ्न, पदहरूको वास्तविक अर्थहरू बुझ्न टिप्पणीहरू हेर्न, अगाडि पछाडिका सन्दर्भलाई बुझ्न आर.पि.एस. मा गुरुजनहरूले सिकाउनुभयो । बाइबललाई किन परमेश्वरको वचन भनिन्छ, बाइबल कसरी तयारी भयो र बाइबललाई कसरी उल्था गर्ने भन्ने आर.पि.एस.मा आएर नै सिकेको हो । बाइबलका पुस्तकहरू कसले, कसलाई, के उद्देश्यले लेखेको हो इत्यादि कुराहरू बुझेपछि हरेक किसिमका परिस्थितिहरूमा बाइबलका विभिन्न पुस्तकहरूको प्रयोग गर्न सजिलो हुन्छ । यी कुराहरू पनि गुरुजनहरूले रटान लगाइ लगाइ सिकाउनुभयो । यति मात्र हैन हरेक शुक्रबार प्राक्टिकल मिनिष्ट्रिमा पठाइन्थ्यो । यो क्रियाकलापले हप्ताभरी

**कलेज आउनअघि वचन तयारीको लागि**
**कलेज आउनअघि वचन तयारीको लागि**
**धेरै अध्ययन गर्ने बानी पनि थिएन । बाइबल बुझ्नलाई लेखिएका सहायक पुस्तकहरूको अध्ययन कहिल्यै गरेको थिइन । मेरो बानी त एकछिन बाइबल हेऱ्यो, हेरिसकेपछि मनमा जे आयो त्यही प्रचार गर्दथे । बाइबलका अप्ठ्यारो शब्दहरूको अर्थ बुझ्न शब्दको ष पढ्न, पदहरूको वास्तविक अर्थहरू बुझ्न टिप्पणीहरू हेर्न, अगाडि पछाडिका सन्दर्भलाई बुझ्न आर.पि.एस. मा गुरुजनहरूले सिकाउनुभयो**

सिकेको ज्ञान व्यावहारिक रुपमा उतार्न सहायता मिल्थ्यो । आर. पि. एस. ले ज्ञान मात्र हैन ज्ञानलाई व्यवहारमा उतार्ने अवसर पनि प्रदान गरिदियो । यसले आजको सेवाकाई गर्नमा धेरै टेवा पुगेको छ । यसरी सेवाकाईको जग परमेश्वरको वचनको शिक्षामा बसाल्न आर. पि. एस. ले पुराउनुभएको अतुलनीय योगदानको लागि हृदयदेखि आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद ।

# ईश्वरीयशास्त्रीय शिक्षाको विकासमा आर. पि. एस. को योगदान



डा. वीरेन्द्र श्रेष्ठ

## Role of RPS in Developing Theological Education in Nepal

**परिचय**

नेपालमा दिनप्रति दिन मण्डलीहरूको सङ्ख्या बढ्दै गएको अवस्थामा बाइबलीय सेमिनारीहरूको सङ्ख्या पनि वृद्धि हुँदै गइरहेको छ । तीव्र गतिमा वृद्धि भएका मण्डलीहरूका लागि सक्षम अगुवाले मात्र बाइबलबाट सही तरिकाले शिक्षा दिन सक्ने भएको हुनाले सेमिनारीहरूको सङ्ख्या वृद्धि हुनु सकारात्मक पक्ष हो । नेपालमा धेरै सेमिनारीहरू स्थापना भए तापनि सक्षम अगुवा निर्माण गर्ने क्षमतामा भनेर फरकता पाइन्छ । सक्षम अगुवाहरू निर्माण गर्नका लागि ईश्वरीयशास्त्रीय शिक्षामा विशेष ध्यान दिनु जरुरी छ । ईश्वरीयशास्त्रीय शिक्षा भन्नासाथ शिक्षामा मात्र नभई आत्मिकी, भौतिक, शारीरिक, सामाजिक, सांस्कृतिक, व्यवहारिक र मानसिक पक्षहरूमा पनि ध्यान दिनु नै ईश्वरशास्त्र शिक्षाको विकासमा ध्यान दिनु हो । यस लेखमा आर. पि. एस. ले विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा योगदान दिएको बारेमा विस्तृत व्याख्या गर्ने छौं । सर्वाङ्गीण विकासअन्तर्गत विद्यार्थीहरूको शैक्षिकस्तर, आत्मिकी, शारीरिक, सामाजिक, सांस्कृतिक र व्यवहारिक पक्षहरू पर्दछन् ।

**क. शैक्षिकस्तरमा सेमिनारीको योगदानः**

येशूले सभाघरहरूमा सिकाउँदै र राज्यको सुसमाचार प्रचार गर्दै हिँड्नुभयो (मत्ती ४:२३) । मण्डलीहरूमा असल शिक्षा दिनु नै मण्डलीहरूको आत्मिकी र सङ्ख्यात्मक वृद्धि हुनु हो । असल शिक्षा दिनका लागि सेमिनारीहरूले सक्षम अगुवाहरू निर्माण गर्दै आएको छ । आर. पि. एस. मा नेपालको विभिन्न क्षेत्रहरूबाट असल शिक्षा प्राप्त गर्न विद्यार्थीहरू आउँदछन् र तिनीहरूलाई यस सेमिनारीले शैक्षिकस्तरमा दिँदै आएको योगदानहरूका बारेमा सङ्क्षिप्त रुपमा हेर्ने छौं । विद्यार्थीको पहिलो उद्देश्य भनेको परमेश्वरको बारेमा ज्ञान प्राप्त गर्नु हो । यस सेमिनारीले विद्यार्थीहरूलाई योग्य, अनुभवी र उच्च शिक्षा हासिल गरेका शिक्षकहरूद्धारा शिक्षा दिँदैआएको छ । शिक्षकहरूले कक्षा कोठामा मात्र नभइ अन्य समयमा पनि धेरैभन्दा धेरै समय दिएर विद्यार्थीहरूलाई सक्षम बनाउन लागिपरिरहेका छन् । जसले गर्दा विद्यार्थीहरूले धेरैभन्दा धेरै ज्ञान आर्जन गर्ने मौका पाएका छन् । यस सेमिनारीबाट पढाइ सकेर आ-आफ्नै मण्डलीमा वा अन्य क्षेत्रहरूमा सही तरिकाले काम गर्दैआएको अगुवाहरू प्रशस्तै छन् । लूका २:४६-५२ अनुसार मन्दिरमा येशूले शिक्षकहरूका कुरा सुनेर उनी बुद्धि र समझशक्तिमा वृद्धि हुँदै गए । त्यसरी नै यस सेमिनारीमा विद्यार्थीहरूले परमेश्वरको बारेमा प्रशस्त बुद्धि प्राप्त गरेर आफ्नै मण्डली र समाजमा यसको सदुपयोग गर्ने मौका पनि पाएका छन् ।

यस सेमिनारीबाट दिक्षान्त भएका विद्यार्थीहरू मण्डली, तालिम केन्द्र, र सेमिनारीमा सक्षम शिक्षक र अगुवा भएर सेवा गरिरहेका छन् । कतिपय विद्यार्थीहरू

विदेशमा उच्च शिक्षा हासिल गरेर आएका उदाहरणहरू पनि प्रशस्तै छन् । यस सेमिनारीले ATA द्वारा मान्यता प्राप्त बि.टि.एच., B.Th. in Christian Education, B.Th. in Church Music र M.Div. का कक्षाहरु सञ्चालन गर्दै आएको छ । जसले गर्दा विद्यार्थीहरूलाई मण्डलीमा सेवाकाई गर्न साथै उच्च शिक्षा अध्ययन गर्न पनि सहायता पुग्दछ ।

**ख. आत्मिकी क्षेत्रमा सेमिनारीको योगदान:**

१ शमूएल २:२६ अनुसार शमूएलले परमप्रभुको मन्दिरमा पूजाहारी एलीको सहायतामा हुर्कन र बढ्ने मौका पाए र उनी त्यस ठाउँबाट परमप्रभु र मानिसहरूका निगाहमा बढ्दैगए । सेमिनारी परमेश्वरद्धारा नै स्थापना गरिएको हुनाले शैक्षिक शिक्षाका साथै विद्यार्थीहरूले कसरी परमप्रभुको निगाहमा हुर्कनुपर्दछ भनेर आर. पि. एस. ले विशेष ध्यान दिएको छ । सेमिनारीमा विद्यार्थीहरूको शैक्षिकस्तर मात्र नभई आत्मिकी स्तरमा पनि वृद्धि हुनु नितान्त आवश्यक भएकोले विभिन्न कार्यक्रमहरू गर्दैआएका छौं । यस सेमिनारीमा नियमित पढाइका अलावा प्रभुमा नजिक भएर जिउनका लागि हरेक बिहान प्रार्थना सङ्गति, हप्ताको एक पटक आराधना सेवा र एक पटक शिक्षकद्धारा वचन र प्रार्थनाको कार्यक्रमहरू हुँदैआइरहेको छ । कतिपयले सेमिनारी पढाइको चापले गर्दा आत्मिकी रुपमा वृद्धि गर्न कठिनाइ भएको भनेर पनि भन्ने गरेको पाइन्छ । तर वास्तवमा दैनिक रुपमा बाइबल अध्ययन र प्रार्थनाले विद्यार्थीहरूमा सकारात्मक तरिकाले प्रभुमा नजिक हुन सजिलो भएको छ । त्यसैले सेमिनारी बाइबलीय ज्ञान मात्र होइन आत्मिकी क्षेत्रमा पनि वृद्धि गर्ने ठाउँ हो । जसले गर्दा विद्यार्थीहरू फर्केर आफ्नै मण्डलीमा विश्वासीहरूलाई वचन र व्यवहारद्धारा आत्मिकी भोजन दिन सक्षम भएको पाइन्छ । लूका २:४६-५२ मा येशू मन्दिरमा गएर शिक्षकहरूसँग कुराकानी गर्दै जाँदा बुद्धिमा र परमेश्वरको अनुग्रहमा बढ्दै गएको पाउँदछौं । आ. पि. एस. सेमिनारी यस्तो ठाउँ हो जहाँ विद्यार्थीहरूले बुद्धि र परमेश्वरको अनुग्रह वा प्रभुमा नजिक भएर जिउने मौका पाएका छन् ।

**ग. शारीरिक वृद्धिमा सेमिनारीले गरेको भूमिका:**

यूहन्नाले गायसलाई स्वास्थ्य र आत्मिक जीवन ठीक रहनको लागि कामना गरेको पाइन्छ किनभने जब जीवन स्वस्थ र तन्दुरुस्त हुन्छ शैक्षिकस्तर र आत्मिकस्तरमा वृद्धि गर्न मुख्य भुमिका खेल्दछ (३ यूह १:१-२) । स्वस्थ जीवन रहनको लागि व्यायाम, सन्तुलित भोजन, आनन्द र खुशीको हृदय हुनु अत्यन्तै आवश्यकता पर्दछ (१ तिमो ४:८; हितो १७:२२; प्रे २७:३४) । आर. पि. एस. सेमिनारीमा विद्यार्थीहरू तीनदेखि चार वर्षसम्म समय बिताउँदा बुद्धि र आत्मिकी क्षेत्रमा मात्र नभई शारीरिक पक्षमा पनि वृद्धि गर्नका लागि यस सेमिनारीले सक्दो सहयोग गर्दैआइरहेको छ । वास्तवमा बुद्धि र आत्मिक जीवनमा वृद्धि गर्नका लागि विद्यार्थीहरूले स्वास्थ्यमा ध्यान पुऱ्याउनुपर्ने हुन्छ । त्यसैले आर. पि. एस. ले यस क्षेत्रलाई ध्यान दिएर सेमिनारीभित्रै निरन्तर रुपमा ब्यायाम, सन्तुलित भोजन, र रमाइलो वातावरणको अवस्था सिर्जना गरेको छ ।

यस सेमिनारीले विद्यार्थीहरूलाई स्वस्थ जीवन र तेजिलो दिमाग निर्माणका लागि विभिन्न खेलकुदहरू जस्तै: फुटवल, भलिवल, ब्याटमिन्टन, टेबल टेनिस, र अन्य खेलहरू खेल्ने अवसर प्रदान गरिएको छ । खेलहरूका अतिरिक्त विद्यार्थीहरू सेमिनारी भित्र र छात्रवासमा सरसफाई तथा मर्मत कार्यहरूमा पनि सहभागी हुँदैआएको छ । उत्पत्ति ९:३ मा परमेश्वरले नोआ र तिनका सन्तानलाई खानेकुरा उपलब्ध गराइदिनुभएको जस्तै यस सेमिनारीले विद्यार्थीहरूको स्वस्थ जीवनको लागि सन्तुलित भोजन र शुद्ध पानीमा विशेष ध्यान दिँदैआएको छ । यसले उनीहरूले सबै पक्षहरूमा वृद्धि हुने मौका पाएको छ ।

**घ. विद्यार्थीहरूको सामाजिक विकास:**

१ कोरिन्थी १:१० मा सबैजना विभाजित नभइ एकै मन र एकै विचारमा रहन पावलले कोरिन्थीका मण्डलीलाई आग्रह गरेको छ । नेपालमा विभिन्न भाषा, संस्कृति, विचार, वर्ग, र जातहरूमा मानिसहरू हुँर्कदैआएका छन् । सेमिनारीमा पनि विभिन्न क्षेत्रबाट विद्यार्थीहरू आउने गरेको हुनाले तिनीहरूको विचार र मन एकै भएको पाइँदैन । त्यसमा पनि कोही गरीब र कोही धनी र कोही शैक्षिकस्तरमा कमजोर पनि हुन्छन् । यसर्थ विद्यार्थीहरूलाई येशू ख्रीष्टमा एकै मन र एकै विचार भएर रहन यस सेमिनारीले सहायता गर्दैआएको छ । विद्यार्थीहरू बीच एकले अर्कोलाई पढाइमा, आर्थिक अभावमा, विभिन्न समस्यामा परेकाहरूलाई पनि मद्धत गर्ने वातावरण यस सेमिनारीले सिर्जना गरेको छ (१ थेस ५:१४) ।

विद्यार्थीहरूले असल सामाजिक व्यवहारहरू सिकेर आफ्नो मण्डली र समाजमा गएर बोली र व्यवहारद्धारा

अरुलाई सिकाउन सक्नु नै सेमिनारीको मुख्य उद्देश्य हो । विद्यार्थीहरूको व्यवहारमा वृद्धि गर्न एकअर्कालाई प्रेम र आदर गर्न अत्यन्तै आवश्यक पर्दछ (रोमी १२:१०) । सानोले ठूलोलाई मात्र आदर गर्ने समाजमा हामीहरू हुर्कदैआएको अवस्थामा यस सेमिनारीले मानवजाति सबै समान छन् र एकले अर्कालाई चाहे ठूलोले सानोलाई वा सानोले ठूलोलाई आदर र प्रेम गर्नुपर्दछ भनेर वातावरण सिर्जना गर्ने गर्दैआइरहेका छौं । विद्यार्थीहरूले सामाजिक व्यवहारमा विकास गर्नु मण्डली र समाजको लागि निकै लाभदायक हुन्छ । एक जनाबाट मण्डली वा समाजलाई नै परिपर्तन गर्नसक्दछ । त्यसैले यस सेमिनारीमा समय बिताएका विद्यार्थीहरूले ईर्ष्या, डाह, गुटबन्दी, स्वार्थीपन र झैँझगडालाई त्यागेर एकअर्कालाई प्रेम र आदर गर्ने शिक्षा सिकेको पाइन्छ । धेरै विद्यार्थीहरूले आफ्नो जीवनलाई पूरै परिवर्तन पनि गरेको छ। ईश्वरीयशास्त्रीय शिक्षाको विकासमा सामाजिक व्यवहार पनि एक महत्वपूर्ण पक्ष हो ।

**ङ. व्यवहारिक क्षेत्रमा सेमिनारीको योगदान:**

१ शमूएल २:२६ अनुसार बालक शमूएल कदमा तथा परमप्रभु र मानिसहरूका निगाहमा बढ्दैगए । यसको अर्थचाहिँ पक्कै पनि शमूएलको व्यवहारमा परिवर्तन र समाजलाई सन्तुष्टि दिने व्यवहारमा वृद्धि भएको हुनुपर्छ । केही विद्यार्थीहरू आफ्नो घरमा केही काम पनि नगरेको पाइन्छ र क्षमतामा पनि कमजोर रहेको पाइन्छ । त्यस्ता विद्यार्थीहरूको व्यवहार सेमिनारी आएपछि धेरै परिवर्तन भएको पाइन्छ । सेमिनारीमा आएर सरसफाई गर्नुपर्दछ, आफूले खाएको थाल आफैं माज्नुपर्दछ, हप्तामा एकपटक खाना आफैं पकाउनुपर्दछ, र लुगा धुनेदेखि अन्य कामहरू आफैंले गर्नुपर्ने भएकोले विद्यार्थीहरू परनिर्भरतामा जिउनुपर्दैन, तर आत्मनिर्भर हुन्छन् ।

त्यस्तैगरी कतिपय विद्यार्थीहरू समूहमा बोल्न नसक्ने, लाज मान्ने, रिस देखाउने, इत्यादी स्वभाव भएकाहरू यस सेमिनारीमा आएपछि परिवर्तन भएको पाइन्छ । पढाइको अन्तिममा वचन बाँड्न सक्ने, समूहमा प्रश्न गर्ने र उत्तर दिन सक्ने, आफूलाई नम्र बनाउनेजस्ता कार्यहरू सिकेका छन् । विद्यार्थीहरूले शैक्षिक र आत्मिक स्तरमा वृद्धि गर्न नम्रता एक महत्वपूर्ण भाग हो भनेर सिकेका छन् । त्यसैले विद्यार्थीहरूको व्यवहारमा परिवर्तन ल्याउन यस सेमिनारीले विशेष ध्यान दिँदैआएको छ ।

**च. मानसिक क्षेत्रमा सेमिनारीको योगदान:**

“परमेश्वरले हामीलाई डरको आत्मा होइन, तर शक्ति, प्रेम र आत्मसंयमको आत्मा दिनुभएको छ” (२ तिमो १:७) । परमेश्वरले उहाँका जनहरूलाई समस्या समाधान गरेर वा जुध्न सक्ने क्षमता दिएर आनन्द र प्रेमको हृदय दिनुहुन्छ । सेमिनारी यस्तो ठाउँ हो जहाँ कतिपय विद्यार्थीहरू पारिवारिक, सामाजिक, आर्थिक, भौतिक, तथा शैक्षिक समस्याहरूसँगै आएका हुन्छन् । ती कारणहरूले गर्दा तनावमा जीवन बिताइरहेका हुन्छन् । त्यस्ता विद्यार्थीहरूलाई तिनीहरूका समस्याहरूबाट समाधान गर्न र जुध्न आर. पि. एस. ले परामर्श र mentor-mentee को व्यवस्था पनि गरेको छ । यसमा दुई हप्तामा एकपटक करिव एक घण्टा सँगै बसेर एकअर्काका कुराहरू सुन्ने र प्रार्थना गर्ने वातावरणको सृजना गरेको छ । Advisory Group मा एउटा शिक्षकले पाँचदेखि दश जना विद्यार्थीहरूलाई दुई हप्ताको एकपटक विद्यार्थीहरूका समस्या बुझेर प्रार्थना गरिदिने र परामर्श दिने गर्दैआएको छ । यी क्रियाकलापहरूले विद्यार्थीहरूको शैक्षिकस्तर र आत्मिकस्तरमा वृद्धि गर्न उनीहरूको तनावलाई बुझ्न, र समस्या समाधान गर्न महत्वपूर्ण भूमिका खेलेका पाइन्छ । जुन हाम्रो सेमिनारीको एउटा महत्वपूर्ण कर्तव्य हो ।

**निष्कर्ष**

“येशू बुद्धिमा, कदमा र परमेश्वर र मानिसहरूको अनुग्रहमा बढ्दैजानुभयो” (लूका २:५२) । येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई सधैं सँगगँगै राखेर शिक्षा दिनुका साथै सामाजिक, भावनात्मक, मानसिक, र शारीरिक पक्षहरूमा चेलाहरूलाई सहयोग पुऱ्याउनुभयो । शैक्षिकस्तर, आत्मिकी, सामाजिक, शारीरिक, मानसिक र व्यवहारिक क्षेत्र एकअर्कामा सम्बन्धित भएकाले यी सबै क्षेत्रमा सेमिनारीले ध्यान दिन सकेमा मात्र सेमिनारीको विकास हुनसक्दछ । तसर्थ आर. पि. एस. ले सक्दो रुपमा सबै क्षेत्रलाई ध्यान दिएर अगाडि बढिरहेको छ । जसले गर्दा आर. पि. एस. का दिक्षान्तित विद्यार्थीहरूले मण्डलीहरू, सङ्घ-संस्थाहरू, स्कूल र तालिम केन्द्रहरूमा सफलतापूर्वक काम गर्दैआएको छ । यसर्थ विद्यार्थीहरूको सबै पक्षहरूमा विकास हुनु नै ईश्वरशास्त्र शिक्षाको विकास हुनु हो ।

# नेपाली मण्डलीहरूमा अगुवापन र मण्डलीशास्त्रको खाँचो

## Urgency for Ecclesiology & Leadership in Nepali Churches



डा. अरविन पोखरेल

***उद्देश्य : नेपालमा थियोलोजिकल शिक्षालाई प्रोत्साहन दिन पास्टरहरू क्रियाशिल र समर्पित हुने छन् ।***

समग्रमा भन्नुपर्दा थियोलोजिकल शिक्षा मण्डलीको हेरविचार गर्ने एउटा पास्टरलाई तयार पार्ने प्रकृया हो । यो प्रकृया परमेश्‍वरलाई चिन्न, मण्डली र पास्टरीय अगुवापन सहि प्रकारले बुझ्नको लागि आवश्यक छ । नेपाली मण्डलीहरूमा धेरै द्वन्द्ध आइपर्नुको कारण यी विषयहरूमा कमजोर भएर नै हो ।

**पास्टरहरूका लागि थियोलोजिकल शिक्षा के हो ?**

What is Theological Education for Pastors?

एउटा पास्टरलाई आधारभूत थियोलोजी शिक्षा दिनु भनेको कुनै एक मेडिकल डाक्टरलाई जीब शास्त्र १०१ (Biology 101) अथवा एक सिपाहीलाई बुट केम्पको कठोर तालिम दिनुजस्तै हो । अथवा यो एउटा राजनैतिक नेता हुनका लागि देशको संविधानबारे आधारभूत शिक्षा हाँसिल गरेजस्तै हो । परमेश्‍वरले आफूलाई प्रकट गर्नु भएअनुसार नै उहाँलाई चिन्नु थियोलोजी हो, यद्यपि मानिसहरूका विचार अनेक छन् । यो संसारको लागि परमेश्‍वर र उहाँको मिसनका बारेमा राम्रोसँग बुझेका छैनौं भने मण्डली सठिक जगमा स्थापना गर्न सकिँदैन । तर नेपालमा आधारभूत थियोलोजिकल शिक्षा हासिल नगरिकनै मण्डली स्थापना गर्ने र पास्टर हुने प्रथा रहेको छ । योचाहिँ जग बिनाको घर बनाउनु जस्तै हो । मण्डलीको जीवनमा धेरै आँधिबेहरी, भुकम्प, सङ्कष्ट आउँछन्, तब जग नै बलियो छैन भने कसरी खेप्ने ? अनि नेपाली मण्डलीहरूले भोग्दै आएका सङ्घर्षहरूबाट पनि यो यकिन हुन्छ कि नेपालमा पास्टरहरू र अगुवाहरूको लागि पर्याप्त थियोलोजिकल शिक्षाको अत्यन्त जरुरी छ ।

**थियोलोजिकल शिक्षाको खाँचो** (The need)

नेपालमा पास्टर तथा अगुवाहरू बिभिन्न कारण र अभिप्रायहरू बोकेर यस सेवामा आएको पाईन्छ । यदि कसैले मण्डली सुरुवात गर्छ, भने स्वतः ऊ त्यस मण्डलीको पास्टर हुन्छ । मण्डलीमा आउने सबैले उसलाई पास्टरको रुपमा स्वीकार गर्छन् । त्यहाँ न उसको शैक्षिक योग्यता जाँचबुझ गरिन्छ न उसका अरु क्षमताहरू नै । एक जना पास्टर थिए, जसले मण्डली, अनाथालय, तालिम केन्द्र र यी सबै कामहरूलाई समष्टिगत गर्न एन. जि. ओ. पनि सुरु गरे । यही क्रममा उनलाई अमेरिका भ्रमण गर्ने अवसर पनि आयो । उनले प्रस्तुत गरेका परिचयपत्र, दर्ताका कागजपत्र, र प्रमाणहरू दामी दामी थिए । दुतावासलाई कुनै सङ्का भएन । भिषा सजिलै दिइहाल्यो । जब उनी अमेरिका पुगे, तब पास्टरले नेपाल नफर्कने निर्णय गरे । अब प्रश्‍न गरौं, नेपालमा पास्टरीय सेवाको लागि देखेको दर्शन र वोलावट कहाँ गयो ? यस्ता धेरै उदाहरणहरूले नेपालमा पास्टरीय सेवाको अनादर हुन पुगेको छ । सुरुसुरुमा धेरै जोस हुन्छ, 'दिन रात

परमेश्वरसँग मागेको छु' भन्दै, 'मरे पनि बाँचे पनि, दु:ख सुख जे भए पनि सेवा गर्छु' भनि वाचा बाँध्ने अनि कहिँ कतै अवसरको गन्ध थाहा पाउने बित्तिकै दर्शन, प्रतिज्ञा, वोलावट छोडेर सुँईकुच्चा ठोकिहाल्ने प्रवृत्ति रहेको हुन्छ । यसले मण्डली, अगुवापन र परमेश्वरबारे बुझाइ हामीले बोकेका (Theology) को कस्तो झलक देखाउँछ त ? अनि मिडियाले पनि मण्डली र अगुवाहरूको घोर आलोचना गरिराखेको अवस्था त छँदैछ ।

मण्डली स्थापना बिभिन्न माध्यम र अभिप्रायले भईरहेको पाईन्छ । जस्तै, मानिसहरूलाई निको पार्ने योग्यता, बाइबलीय तालिम, प्रचार गर्ने क्षमता, सामाजिक सरोकारका बिषय र गतिबिधिहरू । अझै, कति जनाको लागि त पास्टरीय सेवा वा मण्डली स्थापना गर्नु भनेको सामान्य पारिश्रमिकको निम्ति जागिर मात्र जस्तै बनेको छ । तर हरेकले कहिँ न कहिँ, 'मलाई यस सेवामा परमेश्वरले बोलाउनुभएको छ' भनि भन्ने गरेका छन् । त्यसो हो भने, मण्डली स्थापना वा पास्टरीय सेवाको पछाडि हुनुपर्ने अभिप्रायबारे अध्ययन साथै जाँचबुझ हुन पनि आवश्यक छ ।

**मण्डली स्थापना बिभिन्न माध्यम र अभिप्रायले भईरहेको पाईन्छ । जस्तै, मानिसहरूलाई निको पार्ने योग्यता, बाइबलीय तालिम, प्रचार गर्ने क्षमता, सामाजिक सरोकारका बिषय र गतिबिधिहरू । अझै, कति जनाको लागि त पास्टरीय सेवा वा मण्डली स्थापना गर्नु भनेको सामान्य पारिश्रमिकको निम्ति जागिर मात्र जस्तै बनेको छ । तर हरेकले कहिा न कहिँ, ...मलाई यस सेवामा परमेश्वरले बोलाउनुभएको छ । भनि भन्ने गरेका छन् । त्यसो हो भने, मण्डली स्थापना वा पास्टरीय सेवाको पछाडि हुनुपर्ने अभिप्रायबारे अध्ययन साथै जााचबुझ हुन पनि आवश्यक छ ।**

**जरुरता** (Urgency)

परमेश्वरको अनुग्रहमा, केहि दशकदेखि नेपालमा मण्डलीहरू गुणानात्मक रुपमा बृद्धि हुँदै आएका छन् । समस्याचाहिँ कहाँ छ भने, मण्डलीहरू जुन अनुपातमा वृद्धि भएका छन्, त्यहि अनुपातमा स्रोतसाधनहरू लगानी गरी अगुवाहरू निमार्ण गर्ने काम भने अलि सुस्त नै देखिएको छ । उदाहरणको लागि कुनै एक जवान व्यक्ति, अथाह सम्भावनाको साथमा सेमिनारी अध्ययनको लागि आउँछ । तर दु:खको कुरा न त मण्डलीले उसको पढाइ खर्च व्यहोर्न चाहन्छ न त पढाइ सकेपछि उसको आत्मिकी वरदानअनुसार सेवामा परिचालन नै गर्छन् । यसतर्फ मण्डलीका वरिष्ट पास्टर तथा अगुवाहरूको ध्यान पुग्न जरुरी देखिन्छ । यससँगै, मण्डलीहरूमा सामान्यतया वरिष्ट पास्टर, अगुवाहरूले जवान अगुवाहरूलाई मेन्टोर (Mentor) नगरेको अवस्था पनि छ । यो सबै पक्षहरूलाई केलाउँदा, मण्डलीभित्र अभ्यास गरिएका वर्तमान अगुवापनको संस्कृतिले, भोलि आइपर्ने मण्डलीको आत्मिकी खाँचो तथा अगुवा निमार्ण गर्ने कुराहरूलाई त्यति ढुक्कसित थेग्ने अवस्था छैन ।

ख्रीष्टियन अगुवापन अरु विविध प्रकारका अगुवापनहरू भन्दा पृथक छ । बाइबलले इस्राएलको अगुवाहरूलाई गोठाला भनि सम्बोधन गरेको छ । अगमवक्ताहरू, पूजाहारीहरू, न्यायकर्ताहरू र राजाहरू सबैलाई गोठालो भनि सम्बोधन, र विवेचना गरिएको छ (जक ३:१०, इज ३४) । परमेश्वरले नै छान्नुभएको यो गोठाला भन्ने शव्दले इस्राएलीहरूको अगुवा हुने, र अगुवाई गर्ने सेवालाई उपयुक्त र पर्याप्त रुपमा व्याख्या गर्दछ (उत ४८:१५; इज ३४:१०, १५; जक ११:४; इज ३४:२३) । यो परमेश्वरको आफ्नै गुण र चरित्रबाट मानिसलाई पस्किनुभएको हो र उहाँले रुचाउने अगुवापनको उचित चित्र हो । उहाँले 'म इस्राएलको गोठाला हुँ' भनि धेरै पटक भन्नुभएको छ (भज २८:९; ८०:१; २३:१; ३४:१५) । यस प्रकारको अगुवाईमा छुटाउन नहुने तत्वहरूचाहिँ यी

हुन् : क) परमेश्वरको स्वभाव, र चरित्रहरू। ख) सृष्टि र उद्धारको योजनामा उहाँको लक्ष्य। ग) मानिसजाति परमेश्वरको स्वरुपमा सृजिएको, पापमा पतित भएका, तर खीष्टको बलिदानले बचाइन चुनिएकाहरू हुन्, र घ) सेवा पाउने व्यक्तिहरूको मानव समृद्धि उन्मुख भएको हुँदछ तर अगुवाको आफ्नो होइन। इस्राएलका अगुवाहरू आफ्नो नाम, प्रतिष्ठा र फाईदाको लागि अगुवाइ गर्न बोलाइएका थिएनन्। उनीहरू यहोवे परमेश्वरको नाउँ, उहाँको महिमाको खातिर अगुवा वा गोठाला हुन बोलाइएका थिए (यशैया ४८:९, ११; ४५:४; ६६:५; इज ३४:३०)। यो विशेष प्रकारको अगुवापन बाइबलले प्रकट गरेको करारको इतिहासद्धारा स्पष्ट भएको छ, र यो नै हामीले पछ्याउनुपर्ने उदाहरण हो। यस प्रकारको अगुवापन, माथि कुर्सिमा बसेर तलकाहरूलाई हुकुम चलाउने होईन तर बढ्दै गरेको मण्डली वा मानिसहरूलाई पछाडिबाट थप उर्जा दिएर अघि बढ्न सहायता गर्ने हो। यो, कतै अगुवाले आफ्नो फाईदा उठाउने पेसा होइन तर मानिसहरूलाई उनीहरूको समृद्धीमा डोऱ्याउने अगुवापन हो। पास्टर तथा अगुवाहरूले यो विशेषता बुझ्नु जरुरी छ।

**नेपाली मण्डलीहरूमा जरुरी देखिएको पास्टरीय अगुवापन**

The Kind of Leadership Needed in Nepali Churches:

हामी परिवर्तित समाजमा जिइरहेकाछौं र यस समाज र संस्कृतिका बीचमा अगुवाई गर्न हामी कठिन महसुस गर्दछौं। संसार विश्वव्यापीकरणतर्फ उन्मुख छ। आधुनिक डिजिटल प्रविधिहरूले गर्दा, संसारभरिका सुचनाहरू मानिसले आफ्नो औंलाको टुप्पोमा बोकेर हिडेका छन्। स्रोताहरूले आफ्नो मनमा गम्ने, र विचार गर्ने कुराहरू पास्टरले प्रचार गर्ने विषयवस्तुहरू भन्दा बेग्लै हुन्छन्। चर्च भित्र बस्दा, धेरैको हातमा भएका मोबाइल र डाटामार्फत् सम्भव हुने वेग्लै संसारमा हुन्छन् उनीहरू। प्रचारकहरू र स्रोताहरू बीच पुरी नसक्नुको दुरी छ। र हामी सोच्छौ 'हाम्रो विश्वासीहरूले किन हामीलाई बुझ्न नसकेको होलान्? किनकि अगुवाहरूले उनीहरूको वास्तविक डर चिन्ता, र जीवनको चाहानाहरूलाई सम्बोधन नै गर्नसकेका हुँदैनन्। यस्ता सामाजिक गति र व्यहोराहरूमा, पास्टर तथा अगुवाहरूले मण्डलीलाई आफ्नो वचनद्धारा जित्ने बाजीमा सजिलै हार खेप्नु परिराखेको छ। किन होला? के खीष्ट असान्दर्भिक हुनुभएको छ र? नभए हामीले के कुरा फरक तरिकाले गर्नुपर्ने हो त?

अगमवक्ताहरूको बोलावट जस्तै पास्टरहरूद्धारा परमेश्वरले महान् उद्देश्य पूरा गर्न चाहानुहुन्छ। यो एक विशेष र महान् बोलावट हो। पावल भन्नुहुन्छ "सबै सन्तहरूमा म अत्यन्त तुच्छ भए तापनि खीष्टको अगम्य सम्पत्तिको सुसमाचार अन्यजातिहरूलाई प्रचार गरुँ भनेर मलाई यो अनुग्रह दिइयो। ...उहाँको अभिप्राय यही थियो कि, मण्डलीद्वारा परमेश्वरको विभिन्न पक्षहरूमा प्रकट भएको ज्ञान स्वर्गीय स्थानमा भएका शासकहरू, र अधिकारीहरूको माझमा प्रकट होस्" (एफि ३:८-१०)। पास्टरहरू अरु अगुवाहरू जस्तै बोलिवचनको शक्ति र भोटको खोजीमा, अथवा अन्य एजेन्डा वा स्वार्थहरू भन्दा नितान्त स्वच्छ हुँनुपर्दछ। उनीहरू परमेश्वरको सत्यता निस्पक्ष बोल्न हरेक समय र अवस्थामा बाध्य हुँदछन्।

येशू खीष्टको जीवनमा, एउटा गोठालाले अरु गोठालाहरूलाई दिनुभएको बोलावटमा पनि यहि कुरा देख्दछौं। पुनरुत्थान पछि येशूले चेलाहरूलाई निमन्त्रणा दिएर भन्नुभयो "आएर खाऊ" (यूह २१:१२)। यो अतिथिसत्कारको सन्दर्भमा, उहाँले पत्रुसलाई सोध्नुभयो "के तिमी मलाई प्रेम गर्छौ?"। येशू जुन कुरा हासिल गर्न पृथ्वीमा आउनुभएको थियो त्यहि मिसन उहाँले चेलाहरूलाई दिनुभयो। "जसरी पिताले मलाई पठाउनुभएको छ, त्यसरी नै मैले तिमीहरूलाई पठाएको छु" युहन्ना २०:२१। उहाँले परमेश्वरको राज्यको साँचाहरू उहाँको चेलाहरूलाई हस्तान्तरण गर्नुभयो। पृथ्वीमा उहाँको राज्यको रहश्य खोल्ने र बन्द गर्ने अधिकार दिनुभयो। क्षमा दिने र अन्धकारको शक्तिहरूको बन्धनवाट फुकाउने अधिकार दिनुभयो। यो एक महान् बोलावट र गम्भीर जिम्मेवारी हो। जसरी परमेश्वरले खीष्टद्वारा मण्डलीलाई पस्किनुभएको यो सेवा अपरिवर्तनीय छ, केवल संस्कृति र समय परिवर्तन भएको छ। तसर्थ, यस सङ्क्रमणकालीन अवस्थाहरूमा,

महामारी, लकडाउन र आर्थिक सङ्कष्टको माझमा पनि पास्टरीय सेवा यहि कुरामा अडिएको छः परमेश्वरलाई प्रेम गर्ने र उहाँको मानिसहरूलाई खुवाउने ।

अगुवापनको विषयमा म्याक्स डिप्रिले (Max DePree) यसरी भनेका छन्, "अगुवाको पहिलो जिम्मेवारी यथार्थलाई परिभाषित गर्नु हो । "The first responsibility of a leader is to define reality." (Leadership is an Art, 11) । यर्थाथलाई पहिचान गर्नु र परिभाषित गर्नु अगुवापनको महत्वपूर्ण पक्ष हो । त्यसैगरी, स्कट कोर्रमोड (Scot Cormode) भन्नुहुन्छ कि मानिसहरू जिउने आत्मिकी यथार्थको वास्तविक अर्थ लगाइदिनु खीष्टियन अगुवापनको मुटु हो (Making Spiritual Sense, 48) । अर्को अगुवापनको पुस्तकमा टड बोलसिंगर (Tod Bolsinger) भन्नुहुन्छ "सुनाइसँगै अगुवापनको सुरुवात हुन्छ" (Leadership for a time of Pandemic, Loc 38)। विशेषगरी हामीले रेखदेख गर्ने मानिसहरूका व्यक्त नगरिएका चाहनाहरू र डरहरू सुनिदिनु महत्वपूर्ण कुरा हो । जीवनका डर, चिन्ता र चाहतहरूले गर्दा नै मानिसहरूका जीवन परिचालित भइरहेका हुन्छन् । यी कुराहरूले मानिसहरूलाई बिहान पलङबाट उठ्न र जीवनलाई अघि लम्काउन प्रोत्साहन दिइराखेको हुँदछन् । तर परमेश्वर जो उहाँको वचनद्वारा हामीसँग बोल्नुहुन्छ उहाँलाई सुन्नु प्रथम महत्वको जिम्मेवारी हो । परमेश्वरको उपस्थितिलाई सचेतरुपले थाहा गर्नु, दैनिक शान्त समयमा, समुदायमा र वचनमा, पवित्र आत्माले कहाँ के र कसरी बोल्दैहुनुहुन्छ ती कुराहरू सुन्नुपर्दछ । यी नभइनहुने पास्टरीय सीपहरू हुन् ।

तर हामी नेपाली पास्टरहरू जोडले बोल्न, जवरजस्त र शक्तिशाली प्रचार गर्न सिकेका छौं । वास्तवमा भनाई पनि छ "बोल्नेको पिठै बिक्छ, तर नबोल्नेको चामल पनि बिक्दैन्" । जो बोल्दैन उ अगुवाको अग्रपङ्क्तिमा पनि आउँदैन । तर येशूको तरिका यस्तो थिएन । येशूले उहाँको पितालाई सुन्नुभयो । जब पिताले येशूलाई "तिमी मेरो प्रिय पुत्र हौ" भन्नुभयो, उहाँको शक्ति र प्रभाव करार सम्बन्धबाट आएको थियो । उहाँको सबै डरभय र चाहनाहरूलाई पुर्णरुपले त्यस सम्बन्धले तृप्त गरेको थियो । उहाँले पवित्र आत्माको अभिषेकमा बोल्नुभयो तब उहाँको शक्ति र प्रभाव बढ्यो । यसरी उहाँले परमेश्वरको यथार्थता वा "परमेश्वरको राज्य" लाई पहिचान, साथै परिभाषित गरिदिनुभयो । त्यसैगरी परमेश्वरको उपस्थितिमा रहने, उहाँलाई सुन्ने, र आत्माद्वारा उहाँसँग वार्तालाप गर्नुमा पास्टरीय सेवाको मुटु अडिएको छ ।

खीष्टिय अगुवापन रुपान्तरणतर्फ लम्केको हुन्छ । टोड बोल्सिंगरले Tod Bolsinger अगुवापनलाई यसरी परिभाषित गर्नुहुन्छ : "अगुवापन भनेको पविर्तनशील विश्वको सामु तोकिएको मिसन पूरा गर्न, एउटा समुदायलाई उसको आफ्नै रुपान्तरणको लागि उर्जा प्रदान गर्नु हो । "Leadership is energizing a community of people toward their own transformation in order to accomplish a shared mission in the face of a changing world" (Leadership for the Time of Pandemic). यो परिभाषामा बोल्सिंगरले अगुवाहरूको कामचाहिँ समुदायले आफ्नो ठानेको कार्यलक्ष्यतर्फ रुपान्तरणको प्रकृयामा अगुवाई गर्नु हो भन्दछन् । रुपान्तरण सबैभन्दा पहिले एक अगुवाको आफ्नै जीवनमा आउनुपर्दछ । अनि आफू हिँडेको बाटोमा अरुहरूलाई पनि डोर्‍याउनु पास्टरीय अगुवापन हो भने, मिसन अथवा तोकिएको कार्यलक्ष्यचाहिँ यहि समुदायको साथ हाँसिल गर्नुपर्ने मुख्य गन्तव्य हो ।

मण्डली खीष्टको शरीर हो । नेपालमा मण्डलीप्रतिको धारणा, मण्डलीको रेखदेख गर्ने तौरतरिकाहरू बाइबल आधारित छ कि छैन भनेर पुनः विवेचना गरिनु अति आवश्यक बनेको छ । मण्डली एक संस्थाजस्तै भएको छ, र यस भित्र अभ्यास गरिने धार्मिक, सामाजिक गतिविधिहरूको आधारमा व्याख्या र अभ्यास गरिएको पाइन्छ। जस्तै, आराधना, प्रार्थना, वचन प्रचार, विधीहरू पूरा गर्नु, अनि टाढा नजिककाहरूलाई सुसमाचार सुनाउने ईत्यादि कार्यहरू । तर पावलले भनेअनुसार मण्डली एक रहस्यात्मक, आधिकारिक राजदुतावासजस्तै यस संसारमा परमेश्वरको राज्य प्रतिनिधित्व गर्ने केन्द्र हो । पावलले उनको पत्रहरूमा जोड दिएर मण्डली

खीष्टको शरीर हो भनि व्याख्या गरेका छन् (१ कोर १२) । मण्डली खीष्टको शरीर हो भने, उहाँले जस्तै काम गर्नु, सोच्नु, र उहाँको जस्तै चरित्रहरू धारण हुनु अपरिहार्य छ । यो कुरा मण्डलीको अगुवाहरूले बुझ्नु आवश्यक छ ।

प्रभुभोजको अभ्यासले मण्डली खीष्टको शरीर हो भन्ने कुरालाई अति उत्कृष्ट रुपमा प्रस्तुत गर्दछ । कति मानिसहरूले सोंचे जस्तो प्रभुभोज अलौलिक शक्ति प्रवाह हुने, वा चमत्कारी शक्तिको चिन्ह होइन । बाइबलअनुसार धेरै अर्थहरूले खाँदिएको विधी हो, जस्तै निस्तारचाडको भोज, बलिदानको चिन्ह र शक्ति, परमेश्वरको न्याय र निस्तार, क्षमा र शुद्धिकरणको चिन्ह, जीवन दिने रोटि र रस, अतिथिसत्कार, येशू र एक अर्कासँगको एकता, मुक्तिको चिन्ह, अनुग्रहको द्वार, भविष्यको आशा, र अरु यस्तै धेरै आत्मिक यथार्थको रहश्य यसले बोकेको छ । प्रभुभोज हाम्रो विवेकलाई सुसज्जित तुल्याउने एक धार्मिक अभ्यास हो । यी कुराहरूले येशूको मण्डली, उहाँको शरीर बनिएको हुनुपर्छ वा यी कुराहरूले मण्डलीको चित्रण हुनुपर्दछ । तर आकर्षक क्रियाकलापहरू र अन्य संस्कृतिले होईन । तसर्थ खीष्टको शरीर भएको हुनाले, अन्य ठूला-ठूला शिक्षाहरू, र वादविवाद, र विचारहरू भन्दा जीवनका आधारभूत अभ्यासहरू अझ महत्वका हुन्छन् । जेम्स के ए स्मिथले आफ्नो पुस्तक, *You are What you Love* मा यसरी भनेका छन् कि आराधनाले हाम्रो बानी व्यहोराहरू र हृदयको आदतहरूलाई आकार दिँदछ, र यस संसारमा हामी परमेश्वरका मानिस हौं भनि हाम्रो पहिचान यसरी निमार्ण हुँदछ ।

यो एउटा दृष्यलाई विचार गरौं... गाउँका अगुवाहरू साँझपख एक भट्टीमा जम्मा भएर रक्सी चुरोट पिउँदै स्थानिय र केन्द्रिय सरकारको नयाँ नितीनियमहरू छलफल गर्दा रहेछन् । उनीहरूको चर्चाको विषयहरू गाउँको विकासको बारेमा हुन्छ, जस्तै प्रशस्त मात्रामा आएको नयाँ बजेट, स्कुलको नयाँ पाठ्यक्रम, शिक्षक र कर्मचारीहरूको थप तनखा र सौलियतहरू, गाउँमा आउने नयाँ डिजिटल प्रविधिहरू, विकासका नयाँ-नयाँ दर्शनहरू, ईत्यादि । जब यी गाउँका अग्रजहरू सरकार र नीति नियमको बारेमा महान् विचारहरू, असल योजनाहरूको बारेमा विचार विमर्श राख्छन्, तर आफ्नो प्राथमिक खाने पिउने, खर्च गर्ने (समय र पैसा) बानीहरू भने अपरिवर्तनीय स्वभावको रुपमा प्रगाढ रुपमा बसिसकेका हुन्छन् । उनीहरूको मन र हृदयले भने रक्सी र चुरोट नै बढी मन पराउँछ । त्यसमा परिवर्तन आउन लगभग असम्भव नै हुन्छ । जबसम्म आफ्नो दैनिक अभ्यासको बानी व्यहोराहरू (जे जस्ता कुराहरूमा मन लगाउन र प्रेम गर्ने विषय वस्तुहरू) मा परिवर्तन ल्याउन सक्दैनौ, तवसम्म विचार सोच जति नै उच्च भए तापनि जीवन परिवर्तन हुँदैन।

यसैकारणले हुनुपर्छ, येशू खीष्टले मण्डली स्थापना गर्नुहुँदा नैतिक शिक्षा, महान् विचार र रणनीतिका तर्कहरू भन्दा पनि बरु खीष्टको शरीर (रोटि र दाखरस भोजन) को अभ्यासलाई केन्द्रिय आदेशको माध्यमबाट आफ्नो शरीर वरिपरि समाजलाई निर्माण गर्नुभयो । जसलाई हामी मण्डली वा चर्च भन्दछौं । (मत्ती २६:२६; १ कोर १२)

अगुवा हुनु वा अगुवाईसम्बन्धी काम गर्नु भनेको रुपान्तरणको प्रकृयामा अघि बढ्नु हो । यस रुपान्तरण प्रकृयालाई परिचालन गर्न, मण्डलीको एक पास्टर तथा अगुवा आधारभूत थियोलोजिकल शिक्षामा, खीष्टको चरित्र आचरणहरूमा तालिम प्राप्त हुनु आवश्यक छ । किनकि खीष्टको शरीरको रेखदेख गर्ने जिम्मेवारी उनीहरूले पाएका छन् । जसरी पत्रुसले येशू खीष्टसँग पास्टरीय काम सिकेका थिए, त्यसरी नै पास्टरहरू पनि पहिले आफैं खीष्टसँग पवित्र आत्माको शक्तिमा रुपान्तरणको प्रकृया भएर जानुपर्दछ, अनि त्यसपछि मात्र अरुहरूलाई यस प्रकृयामा सँगै लिएर हिँड्न सक्नेछन् । जति पास्टर तथा अगुवाहरूले यो रुपान्तरणको काममा आफूलाई समर्पित राख्दछन्, त्यति नै येशूको नाउँको खातिर नेपालमा हरेक सङ्कष्ट र परिस्थितिहरूमा खीष्टको शरीर प्रभावकारी रुपमा प्रस्तुत हुँदै जाने छ । यसैले हामी भन्छौं, "मारानाथा, प्रभु येशू आउनुहोस् ।"

# अगुवापन निमार्ण र विकासमा ईश्वरशास्त्रीय शिक्षाको भूमिका



रेभ. रामेश्वर यादव

## Theological Education and Leadership

*मेरा प्रजा ज्ञानको कमीले गर्दा नष्ट भएका छन् । तिमीहरूले ज्ञानलाई इन्कार गरेका हुनाले, म पनि तिमीहरूलाई मेरा पूजाहारी हुनदेखि इन्कार गर्ने छु (होशे ४:६) ।*

*तिमीहरूको विश्वास मानिसको बुद्धिमा होइन, तर परमेश्वरको शक्तिमा आधारित होस् (१ कोर २:५) ।*

परमेश्वरको काम परमेश्वरको आज्ञाबमोजिम गर्नुपर्छ । इतिहास नै साक्षि छ कि परमेश्वर, खीष्ट येशू र पवित्र आत्मास्वयम् आफ्नो मण्डली निमार्ण गर्न, यसको व्यवस्थापन गर्न र यसलाई बढाउन सक्रिय हुनुहुन्छ । आफ्नो उद्देश्यअनुसार उहाँ यसको लागि प्रत्येक दिन संसारबाट मानिसहरूलाई बोलाइरहनुभएको छ । ती बोलाइएकाहरूमध्येबाट पवित्र आत्माले केहीलाई येशू खीष्टको रगतले किनिएको मण्डलीको हेरचाह गर्न जिम्मा दिनुभएको छ । खीष्टद्वारा बोलाइएका पावल र अन्य प्रेरितहरूले अगुवाहरूलाई परमेश्वरको सम्पूर्ण वचनहरूबाट बताउन दिनरात सक्रिय थिए (प्रेरित २०:२७, २८) । यसकारण अगुवाहरूको निमार्ण र तिनीहरूको नेतृत्व विकासमा खीष्टको शिक्षालाई ध्यान दिनु अवश्यक छ। किनकि खष्टिले अगुवाहरूको निमार्ण र नेतृत्व विकासमा शिक्षालाई महत्व दिनुहुन्छ। उहाँले आफ्ना प्रेरितहरूलाई तीन बर्षसम्म शिक्षा दिनुभयो । प्रेरितहरूलाई शिक्षा दिने क्रममा त्यसबेला खीष्टलाई पछ्याउने हरेक व्यक्तिहरूलाई पनि सिकाउनुभयो । सुसमाचारको पुस्तकअनुसार खीष्टले पहिलो चरणमा १२ जना प्रेरितहरू (मत्ति १०) र दोस्रो चरणमा ७० जना विश्वासी वा अगुवाहरूलाई (लूका १०) प्रचारको निम्ति पठाउनुभयो । प्रेरितहरूले पनि यसलाई महत्व दिएका थिए । यसकारण, शिक्षा, विश्वास र काम अगुवापनका नभई नहुने त्रिकोणनात्मक पक्षहरू छन् ।

### १. शिक्षा

परमेश्वर पुरानो करारमा चुनिएका जातिहरूलाई आफ्नो आज्ञा दिन र यसलाई पालन गराउन, साथै त्यही कुरा अरुलाई सिकाउन र पालन गराउन स्वयम् सक्रिय हुनुहुन्थ्यो । उहाँले आफ्नो अनुग्रहमा केही मानिसहरूलाई बोलाएर यसको जिम्मा दिनुभएको थियो। यस सम्बन्धमा व्यवस्था ४:१-२ मा यसरी लेखिएको छः "अब हे इस्राएली हो, मैले तिमीहरूलाई सिकाउन लागेका विधिविधानहरूमा ध्यान लगाओ, ती पालन

गर, र तिमीहरू जिवित रहनेछौं.....मैले तिमीहरूलाई दिएका आज्ञाहरूमा केही पनि घटबढ नगर्नु, तर मैले तिमीहरूलाई दिएका आज्ञाहरू पालन गर्नु ।" यी पदहरूले के स्पष्ट गर्छ भने परमेश्वरको आज्ञा पालन गर्नेहरूले जीवन पाउँछन् र अनाज्ञाकारीहरूले मृत्यू । त्यसैले परमेश्वरको वचनले परमेश्वरको आज्ञाहरूलाई अध्ययन गर्न र यसबाट सिक्नको लागि आज पनि हामीलाई भनिरहेको छ ।

उदाहरणको लागि, अव परमेश्वरले अगुवा बनाउनु भएको व्यक्तिहरूवारे हेरौं । संसारको सृष्टिपछि परमेश्वरले आदमलाई सबैथोकहरूमाथि अधिकार दिनुभयो । परमेश्वरले आदमलाई हरेक सृष्टिको नाम दिन र हेरचाह गर्नको लागि उपयुक्त ज्ञान दिनुभएको थियो । यो नै आदमको जीवनमा परमेश्वरको शिक्षा हो । परमेश्वरको सामु आदमले सबै सृष्टिको नामाकरण गर्नुको साथै प्रतिनिधित्व पनि गरे । उहाँले आदमलाई आज्ञा दिएर उसको अधिकारलाई निश्चित गरिदिनुभयो । आदमपछि हामी अब्राहाम, इसहाक र याकूवलाई पनि परमेश्वरद्वारा चुनिएको अगुवाको रुपमा लिऊ । परमेश्वरले उहाँलाई पनि उपयुक्त प्रकाश र आज्ञा दिनुभयो । आफ्नो राज्य निमार्ण गर्न तिनीहरूलाई शिक्षित पार्नुभयो । उहाँहरूपछि परमेश्वरले मोशालाई मिश्रदेशको राजघरानामा बस्न र शिक्षा प्राप्त गर्ने अवसर जुटाइदिनुभयो । परमेश्वरले मोशाद्वारा आफ्ना आज्ञाहरू लिखित रुपमा दिनुभयो । आज्ञाहरू दिएपछि उहाँले मोशालाई इस्राएलका मानिसहरूलाई ती आज्ञा पालन गर्न गराउन आज्ञा दिनुभयो । त्यसपछि यहोशू, लेवी वंशका इस्राएलीहरू, न्यायकर्ताहरू, शमूएल, राजा दाऊद, राजा सोलोमन, भविष्यवक्ताहरू र प्रेरितहरूलाई परमेश्वरले आफ्नो आज्ञाहरू सिक्न र सिकाउन सहायता गर्नुभयो । तिनीहरू परमेश्वरको शिक्षामा लागेर आफ्नो विश्वास, ज्ञान र काममा प्रसिद्ध भए । यसकारण आज पनि अगुवापनको नमुनाको अध्ययन गर्दा उहाँहरूको नाउँलाई छुटाउन सकिँदैन ।

**२. विश्वास**

परमेश्वरको सम्पूर्ण वचन र आज्ञाको ज्ञानले हामीलाई हाम्रो कमजोरीहरू देखाउँदै परमेश्वरको मार्गमा हिँडन प्रोत्साहन गर्नुको साथै विश्वासमा पनि हामीलाई दरिलो बनाउँछ (भजन १९:११; ११९:९) । तर पनि परमेश्वरको मार्गमा विश्वासमा अगाडि बढदै गर्दा हामी धेरै पटक गल्ती गर्छौं । यसको अर्थ हाम्रो विश्वासको पतन होइन । अब्राहाम, मोशा, र दाऊदले गल्ती गर्दा वा समस्यामा पर्दा पनि परमेश्वरसँगको घनिष्ट सम्बन्धमा रहि नै रहे किनकि तिनीहरूलाई परमेश्वरको स्वभावबारे राम्रो जानकारी थियो । परमेश्वरको सजाय पाएर पनि तिनीहरूले परमेश्वरको विरुद्धमा गएनन् किनकि तिनीहरूलाई परमेश्वरले चुन्नुभएको र बोलाउनुभएको थियो । विलियम केरी, अदोनिराम जडसन, र हडसन टेलरहरू जस्ता सेवकहरू पनि तिनीहरूमा परमेश्वरप्रति रहेको गहिरो विश्वासका कारण समस्या र अभावका बीचमा अटल रहे । परमेश्वको अनुग्रहमा आफ्नो विश्वासलाई जोगाउन र परमेश्वरको सेवा गर्न डटि नै रहे । हामी पनि तिनीहरूजस्तै परमेश्वरको मानिसहरू हौं । हामी समस्यामा पर्छौं र गल्ती पनि गर्छौं । यसकारण परमेश्वरको वचनअनुसार हामी हाम्रो जीवन जिउने प्रयास गर्नुपर्छ । विश्वासको लडाईं अन्तिम समयसम्म लड्नुपर्छ । यो तव हुन्छ, जव हामी परमेश्वरलाई राम्ररी चिन्न सक्छौं, घनिष्ट सम्बन्धमा रहेका हुन्छौं र परमेश्वरबारे हामीले सहि शिक्षा पाएका हुन्छौं । यसकारण, विश्वासलाई जोगाउन र विश्वासमा फलवन्त हुन हामीले परमेश्वरसँग हाम्रो घनिष्ट सम्बन्ध स्थापित गर्न प्राथमिकता दिनुपर्छ ।

**३. काम :**

ज्ञान र विश्वासको ऐना काम हो किनकि कामले ज्ञान र विश्वासलाई स्थापित गर्दछ । जसरी रुखको पहिचान फलले गराउँछ, त्यसरी नै अगुवाको पहिचान पनि उसको कामले गराउँछ । यसवाट अगुवाको जीवन र नेतृत्व दुवै थाहा हुन्छ । यसकारण नै ख्रीष्टले याकूवद्वारा लेख्न लगाउनुभयो, "काम विनाको विश्वास मरेतुल्य हुन्छ" । यो परमेश्वरको वचनलाई मनन् गर्दै ज-जसले मेहनत गरे र गरिरहेका छन् त्यसको परिणाम

विश्वव्यापी रुपमा हिजो पनि देखिएको थियो, आज पनि देखिरहेका छौं र भोलि पनि देखिने छ ।

**अन्त्यमा**

परमेश्वरको सत्यतामा आधारित शिक्षालाई जीवन र नेतृत्व निर्माणमा महत्व दिनुपर्छ । यसको विकल्प छैन किनकि मानिसको बुद्धिले परमेश्वरको सेवा र मण्डलीको नेतृत्व गर्न सकिँदैन । किनकि मानिसको शिक्षामा आधारित अगुवाको सिद्धान्तले मानिस एकपटक अगुवा भएपछि उ नमरुन्जेल आफ्नो जिम्मेवारी वा पद वा अधिकारलाई अरु कसैलाई नदिन सक्दछ अर्थात् स्वार्थी बनाउँछ । उसले आउने दिनको लागि आफ्नो उत्ताधिकारी तयार गर्दैन । यसकारण, देशहरूमा जुझारु तथा दूरदृष्टि भएका अगुवाहरूको खडेरी रहन्छ । असल नेतृत्वको अभावमा राष्ट्रहरू हरेक प्रकारले ओरालो लागि रहन्छन् । त्यस्तै नेपालको राजनैतिक, समाजिक तथा धार्मिक क्षेत्रमा पनि असल अगुवाको अभावका कारण दिन प्रतिदिन समस्या उब्जिरहेको छ । यसवारे सोच्नुपर्ने बेला आएको छ ।

अरु क्षेत्रहरूजस्तै आज नेपाली मण्डलीको अगुवा निमार्ण र नेतृत्व विकासमा पनि परमेश्वरको शिक्षाभन्दा संसारको शिक्षाले अहम् स्थान पाएको छ । यसलाई क्रमभङ्ग गर्नु जरुरी छ । अगुवा वा परमेश्वरको जनको जीवनमा परमेश्वरको शिक्षाको महत्व अहम् छ किनकि परमेश्वरको वचनद्वारा मानिसहरूले बुद्धि र अनुशासन प्राप्त गर्दछ । यसद्वारा परमेश्वरका जनले अन्तर्दृष्टिका कुराहरू बुझ्नेछन् । उनीहरू एक अनुशासित र विवेकी जीवन जिउने छन् । मानिस विवेकशील बन्ने छ । जवानहरूले पनि ज्ञान र बुद्धि प्राप्त गर्ने छन् । बुद्धिमान्ले सुनुन् र तिनीहरूको ज्ञान बढोस्, र विवेकशील व्यक्तिलाई अगुवाई मिलोस् ।

आमिन ।

**उदाहरणको लागि, अव परमेश्वरले अगुवा बनाउनु भएको व्यक्तिहरूवारे हेरौं । संसार को सृष्टिपछि परमेश्वरले आदमलाई सबै थोकहरूमाथि अधिकार दिनुभयो । परमे श्वरले आदमलाई हरेक सृष्टिको नाम दिन र हेरचाह गर्नको लागि उपयुक्त ज्ञान दिनुभएको थियो । यो नै आदमको जीवनमा परमेश्वरको शिक्षा हो । परमेश्वर को सामु आदमले सबै सृष्टिको नामाकरण गर्नुको साथै प्रतिनिधित्व पनि गरे । उह्याले आदमलाई आज्ञा दिएर उसको अधिकार लाई निश्चित गरिदिनुभयो ।**

# ईश्वरशास्त्रीय शिक्षा र वचन प्रचार

## Theological Education and Preaching



एल्डर उमेश चेम्जोङ

*असल शिक्षाले विकास र सुधारको मार्गतिर लैजान्छ भने,*
*ईश्वरशास्त्रको शिक्षाले पनि मण्डलीको सुधार अनि विकास प्रणालीमा मद्दत पुऱ्याउँदछ ।*

सन् १९५० मा प्रजातन्त्र आएपछि, नेपालमा विस्तारै ईश्वरशास्त्रीय शिक्षा केन्द्रहरूको स्थापना हुन थाले तापनि यी सबै ईश्वरशास्त्रीय शिक्षा केन्द्रहरूले सैद्धान्तिक धार्मिक शिक्षाहरू दिएर नेपालको मण्डलीहरूको विकासमा ठूलो योगदान पुऱ्याएको छ । ईश्वरशास्त्रीय शिक्षाले मण्डलीको व्यवस्थापन, वचन प्रचार गर्ने शैली र आत्मिक उन्नतिमा "सुनमा सुगन्ध" थपेको जस्तै भएको छ ।

नेपालमा १६ औं र १७ औं शताब्दीपछि मात्र केही जेसुइट र कापुचिन फादरहरू आए पछि मात्र नेपालमा ईसाई विश्वासको सुरुवात भएको मान्न सकिन्छ । पछि, यिनै फादरहरूद्वारा नेपालमा ईसाई विश्वासको विकास र बृद्धि भयो तर राजा पृथ्वीनारायण शाहको राज्यकालमा केही ब्रा़मीणहरूको ईर्ष्याको कारण, ती फादरहरूको विरुद्धमा राजालाई कुरा लगाएर देश निकाला गरे । राजाले फादरहरूलाई मात्र नभएर त्यस समय नयाँ विश्वास अपनाएका लगभग १५ परिवारलाई पनि देश निकाला गरिदिए । त्यसपछि नेपाल देश ख्रीष्टियनहरू र विदेशीहरूको लागि नेपालको ढोका बन्द गरियो । लगभग २०० बर्षको ती काला बर्षहरू पछि राजा त्रिभुवनद्वारा राणाकालको अन्त्यसँगै सन् १९५० बाट देशको ढोका जो सुसमाचार र विदेशीहरूको लागि बन्द गरिएको थियो खुला भयो । त्यही समय नेपालमा भारत र नेपालको सिमानाहरूमा रहेका धेरै विदेशी मिसनरी र संघसंस्थाहरू नेपाल भित्र प्रवेश गरे । संघसंस्थाको साथसाथै नेपालमा बाइबलीय शिक्षा र ज्ञान पनि नेपाल प्रवेश गऱ्यो ।

२०० वर्षको लामो बन्दको समयमा पनि केही नेपाली अग्रज विश्वासीहरूले भारतको नौतनुवा, रक्सौलमा गएर विदेशी मिसनरीहरूले सुरु गरेका अस्पताल र सामाजिक संस्थाहरूमा रहेर छोटो समयको लागि बाइबलीय शिक्षा र ज्ञान हासिल गर्थे । धेरै हाम्रा अग्रजहरूले दार्जिलिङबाट नेपालमा सुसमाचार भित्राउने प्रयास गरे । बाइबलीय शिक्षा र तालिमको अभाव भए तापनि हाम्रा अग्रजहरूले जानी-नजानी मिसनरीबाट सिकेका प्रभुको वचन प्रचार गरे र सिकाए । उनीहरूले सुसमाचार प्रचारमा अग्रिम भूमिका निभाएको र योगदान पुऱ्याएको देखिन्छ, तर म विश्वाससाथ यो भन्न सक्दिन कि उहाँहरूको वचन प्रचार गर्ने शैली र तरिका कस्तो थियो । तर आशा छ, उहाँहरूले जे गर्नुभयो, त्यो असल नै थियो होला, किनकि त्यस समयको प्रसङ्ग नै त्यस्तै थियो ।

समाजको विकासको साथसाथै देशको विकास पनि भयो र देशको विकास साथसाथै शिक्षामा, सुसमाचार प्रचार प्रसार र वचन प्रचार गर्ने तरिकामा पनि सुधार हुँदैथियो। यो सुधारमा धार्मिक शिक्षामा आएको परिवर्तनको ठूलो योगदान छ ।

पहिले गाउँघरका मण्डलीका अगुवाहरूमा राम्रो तालिम र धार्मिक शिक्षा प्राप्त गर्नबाट वञ्चित भएका थिए, तर अहिले यो समयमा धेरै अगुवाहरू धार्मिक शिक्षा अथवा ईश्वरशास्त्रमा पोख्त र तालिम हासिल गरेका छन् । ईश्वरशास्त्रीय तालिमले उहाँहरूको सेवकाइ, विशेष वचन प्रचार गर्ने शैलीमा ठूलो परिवर्तन ल्याएको छ । साथै सहरी क्षेत्रमा पनि धार्मिक शिक्षाको कारणले गर्दा, मण्डलीका अगुवाहरूमा वचन प्रचार गर्ने शैली पहिले भन्दा धेरै परिवर्तन र सुधार भएको छ ।

अहिले २१ औं शताब्दिमा नेपालमा विशेषगरी काठमाण्डौं उपत्यकामा नै ४०-५० भन्दा बढी ठुला साना धार्मिक शिक्षण संस्थाहरू छन् । जहाँ धेरै जवान भाईबहिनीहरूले तालिम लिन्छन् । कति दिक्षान्तितहरू आफ्ना गाउँ ठाउँमा सेवकाइको लागि फर्कन्छन् भने कति शहरमा नै सेवकाइको मौका खोजिरहेका हुन्छन् । ती तालिम प्राप्त भाईबहिनीहरू वचन प्रचार गर्ने शैलीमा पनि परिचित हुन्छन् । समय र मौका दिएमा राम्रोसँग वचन प्रचारको सेवकाइ गर्न सक्छन् ।

तर दु:खको कुरा कतिपय मण्डलीहरूमा ती धार्मिक शिक्षा प्राप्त भाईबहिनीहरूले वचन प्रचारको समय र मौका पाउँदैनन् । तर ईश्वरशास्त्र शिक्षाले नेपालको मण्डलीहरूमा सेवकहरूद्धारा एकै तरिकाले वचन प्रचार गर्ने तरिकामा ठूलो परिवर्तन र योगदान पुऱ्याएको छ भने नेपालको मण्डलीहरूमा पनि सुधार ल्याएको छ ।

ईश्वरशास्त्र शिक्षाले मण्डलीको विकास र वचन प्रचार गर्ने शैलीमा सर्पले काचुली फेरेको जस्तै गरी परिवर्तन ल्याएर ठूलो योगदान पुऱ्याएको छ भने ईश्वरशास्त्रीय शिक्षाले विश्वासी अथवा अगुवाहरूलाई सही वा गलत शिक्षा छुट्याउनमा मद्दत पुऱ्याएको छ । साथै ईश्वरशास्त्रीय शिक्षा अध्ययनद्धारा वचनलाई सठीक प्रकारले व्याख्या गरेर वचन प्रचार गर्नमा सिपालु पनि भएका छन् । येशू ख्रीष्टले आफ्नो सेवकाइको अवधिमा आफ्ना चेलाहरूलाई सेवकाइको तालिम दिएर पोख्त बनाइ ती चेलाहरूलाई सेवकाइको लागि पठाउनुभयो । आज सोही भूमिका नेपालका ईश्वरशास्त्रीय शिक्षा केन्द्रहरूले निभाएको छन् ।

# Milestones of Reformed & Presbyterian Seminary (RPS) (Previously known as EPTS)

| | |
|---|---|
| **2000** | EPTS started as a Night School<br>Initial Mission: Initial to training Pastors and Leaders for who wanted to enhance theological knowledge and for those who are already active in their own ministry inside Kathmandu valley<br>Founder: Rev. Yeonjeong Kim (Chairman) & Rev. Phalgun Sunuwar (Principal) |
| **2002** | Mission of Seminary Restated under the Supervision of NPA:<br>• Started working with Nepal Presbyterian Alliance (NPA) pastors and leaders to develop EPTS for purpose of training and producing future evangelists and new church planters for the ministries of NPA<br>• All the representatives of NPA churches acted as the board members and the teaching faculty of the Seminary and Rev. Yeonjeong Kim became the founding Chairman of the Seminary<br>• Night school turned to Day school and started housing students in the campus |
| **2003** | 1st Batch Graduated with 11 Students from Night School with B.Th degree |
| **2004** | First Biggest Leadership Transition:<br>• Rev. Phalgun Sunuwar left for further (ThM) studies and he delegated the responsibility to Rev. Arbin Pokharel. He became the 2nd Principal of EPTS.<br>• Rev. Yeonjeong Kim remain as Chairman of the Board but he also left for his further (ThM) studies at Calvin Seminary. Mr. Benjamin Khadka was working under the supervision of Rev. Yeonjeong Kim in his absence.<br>Mission of Seminary Revised: Under the leadership of Rev. Arbin Pokharel (Principal) & Rev.Yeonjeong Kim (Chairman of the Board)<br>• Primary to train evangelist and church planters for NPA Churches. However, it was also opened to other denominations.<br>• Seminary became the active member of ATEN library<br>• Female students also included in the Theological Education under the leadership of Rev. Arbin Pokharel and Mrs. Bimala Pokharel<br>• Seminary became fully residential with Semester system of studies |
| **2005** | Rev. Yeonjeong Kim returned from his studies and resumed his Chairmanship |
| **2006** | 2nd Batch Graduated with 13 Students with B.Th degree<br>• Seminary location change from Bagdole to Ekentakuna (Main Road)<br>• Mr. Benjamin Khadka left for further studies and Eld. Suman Rai replaced in his position and also work as a registrar |
| **2007** | Seminary became the member of ATA (Asia Theological Association) |
| **2008** | 3rd Batch Graduated with 12 Students<br>• Mr. Benjamin Khadka returned back from his studies and he was appointed as a Vice Principal of Administration |
| **2009** | 4th Batch Graduated with 5 Students<br>• Seminary was Accredited with ATA (Asia Theological Seminary)<br>• Seminary received 10+ books from TBN, US for our Library development<br>• Seminary received Rev. Jeff Fisher as an Academic Dean for six-months |
| **2010** | 5th Batch Graduated with 8 Students<br>Vision & Mission: Started to refine the vision and mission of Seminary under the leadership of Rev. Yeonjeong Kim, Rev. Arbin Pokharel, Rev. Troy Bierma and all the faculty<br>• Seminary location change from Ekantakuna to Saibu Bhsaipati<br>• Seminary appointed Rev. Troy Beirma as an Academic Dean |
| **2011** | Study Leave - Rev. Yeonjeong Kim left for Doctoral Studies. However, he remained as a Chairman of the Seminary |
| **2012** | 6th Batch Graduated with 15 Students with B.Th degree<br>• Rev. Yeonjeong Kim returned back to Seminary after finishing his doctoral course works and started working on his doctoral dissertation from Seminary (EPTS)<br>• Leadership Transition: Rev. Benjamin Khadka resigned from his position and Eld. Amit Karthak was appointed as Vice Principal of Administration |

| | |
|---|---|
| **2013** | 7th Batch Graduated with 11 Students with B.Th degree<br>• Seminary got refined and clear Vision and Mission with 10 Values under the leadership of Chairman (Rev. Yeonjeong Kim), Principal (Rev. Arbin Pokharel), Academic Dean (Rev. Troy Beirma) and all the faculties |
| **2014** | 8th Batch Graduated with 8 Students with B.Th degree<br>• Reaccredited the B.Th program with ATA (Asia Theological Association)<br>• Started CE (Christian Education) & CM (Church Music) departments under the leadership of Dr. David Kim and Rev. Jun Eo<br>• Rev. Birendra Shrestha was proposed as a Principal (under studies) and Eld. Amit Karthak worked also as a Principal (in the absence of proposed Principal) |
| **2015** | 9th Batch Graduated with 8 Students with B.Th degree<br>• Seminary faced devastating earthquake and Seminary has to close for three months and seminary chapel hall became the storehouse to supply foods and useful materials for earthquake victims.<br>• Seminary became one of the consortium members of NTA/AGSTNP for Master of Divinity program<br>• EPTS celebrated the 15th years of God's Faithfulness<br>• Rev. Arbin Pokhreal was proposed as a Chairman of Seminary by EPTS board members |
| **2016** | 10th Batch Graduated with 13 Students with B.Th degree<br>Second Biggest Leadership Transition:<br>• Founding Chairman Rev. Yenjong Kim delegated his leadership to Rev. Arbin Pokharel and he left for his home country to serve as a senior pastor of his home church. Thus, Rev. Arbin Pokhreal became the Chairman of Seminary until present.<br>• Eld. Amit Karthak (Principal and Vice Principal of Administration) left for his further studies and Rev. Birendra Shrestha resumed as a Principal and serve one year on this position.<br>• Ms. Menuka Mishra appointed as a Vice Principal of Seminary until present |
| **2017** | 11th Batch Graduated with 23 Students with B.Th degree (Concentration: 6- CE & 3-CM)<br>• Rev. Birendra Shrestha left to finished his Doctoral studies and Ms. Menuka Mishra took the responsibilities of both Acting Principal and Vice Principal of RPS<br>• Rev. Troy Bierma (Academic Dean) left to pursue PhD degree during fall semester and Rev. Mani Koirala replaced his position as an Academic Dean of RPS until present<br>Seminary Name Change: On the occasion of 500 years of Reformation Day<br>(October 31, 2017) Evangelical Presbyterian Theological Seminary (EPTS) name changed to Reformed & Presbyterian Seminary (RPS)with the approval of Seminary board. |
| **2018** | 12th Batch Graduated with 12 Students with B.Th degree<br>• Dr. Birendra Shrestha returned back from his studies and started serving as a full time Principal of RPS from August 2018<br>• New Program started - Master in Divinity (MDiv) program at RPS<br>• RPS launched 1st edition of RPS Restorers Magazine on the topic of "New Constitution and Its Implication on Nepali Local Churches." |
| **2019** | 13th Batch Graduated with 12 Students (Concentration:5-CE &3-CM)<br>• RPS has signed the MoU with ACTS/AUTC, South Korea<br>• Rev. Amit Karthak (former Principal) has appointed as one of the Board members of RPS with the approval of SEC (Seminary Executive Committee) and the RPS Board Members<br>• RPS released 2nd edition (False Teachers and Teachings in Nepal) and 3rd edition (Christian Ethics: Marriage and Family) of RPS Restorers Magazine |
| **2020** | 2020 Theme: RPS 20th Years of Renewing Minds & Reforming Churches<br>• RPS will be celebrating 20 years of completion with series of programs throughout this whole year<br>Biggest Achievements: In the beginning of the Spring Semester 2020 RPS is<br>reaccredited with bachelor's programs (B.Th and B.Th in CE and CM) with ATA and also got new accreditation for our master's program (MDiv) with ATA (Asia Theological Association)<br>• RPS will be releasing 4th and 5th edition of RPS Restorers Magazine<br>14th batch will be graduating with 18 students with three bachelor's programs |

# REFORMED & PRESBYTERIAN SEMINARY

## Programs Offered

### Master of Divinity (M.Div.)

RPS offers Master of Divinity (M.Div.) program as a semester system, which is only one seminary in Nepal. M.Div. is two years residential program for students with ATA accredited Bachelor of Theology degree and three years for non-ATA accredited B.Th. degree. We accept "Mature Candidates" who are over 30 years of age and have five years of full time ministry experience. M.Div. is designed to equip students to become excellent intellectuals (critical thinkers) for Nepal, excellent Biblical scholars (academics), and excellent pastors who love the church. RPS is one of the AGSTNP consortium members for Master of Theology (Th. M.) degrees under ATA since the beginning of the consortium.



### Bachelor of Theology (BTh)

RPS offers Bachelor of Theology degree accredited by Asia Theological Association (ATA). This program is designed to prepare pastors and ministry leaders for Christ's churches in Nepal. This is a four-year residential degree program that requires completion of higher secondary education.



### BTh, Majoring in Christian Education

We offer BTh specialized in the Christian Education. Its main purpose is to train the students who desire to serve in educational ministry.

### BTh, Majoring in Church Music

We offer BTh specialized in the Church Music. Its main purpose is to train the students who are gifted in music and want to serve church with the gift of music.




*FOR MORE INFORMATION PLEASE CONTACT*

**REFORMED & PRESBYTERIAN SEMINARY**
Lalitpur Metropolitan City, Ward No. 25
Phulbari Chowk, Bhaisepati
**Phone:** 977-1-5592987 | **Fax:** 977-1-559298
**Postal:** GPO 8975, EPC 1923 Kathmandu, Nepal
**Email:** rpseminary@gmail.com
**Web:** www.rpsnepal.com